वर्ष ३, अंक १
मङ्सिर २०६०

# पानी र सरसफाइ




खानेपानी तथा सरसफाइ क्षेत्रको त्रैमासिक प्रकाशन

## सरसफाइसम्बन्धी दक्षिण एशियाली सम्मेलन (SACOSAN) सम्पन्न

दक्षिण एशियाली राष्ट्रहरूको सरसफाइसम्बन्धी मन्त्रीस्तरीय सम्मेलन गत कार्तिक ४ देखि ६ गतेसम्म बंगलादेशको राजधानी ढाकामा सम्पन्न भयो । दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सम्पूर्ण सदस्य राष्ट्रलगायत म्यानमार र अफगानिस्तानका राजनैतिक तथा सरसफाइ क्षेत्रमा कार्यरत विज्ञहरूको सहभागिता रहेको उक्त सम्मेलनले यस क्षेत्रमा सरसफाइको प्रवर्द्धनका लागि विभिन्न निर्णय गर्नुका साथै ढाका घोषणापत्रसमेत जारी गरेको छ ।

विभिन्न साझेदारहरुको सहयोगमा बंगलादेशको स्थानीय सरकार, ग्रामीण विकास तथा सहकारीमन्त्रालय अन्तर्गतको स्थानीय सरकारी विभागद्वारा सम्पन्न उक्त सम्मेलन दक्षिण एशियामा पहिलोपटक आयोजना गरिएको हो । सम्मेलनमा यस क्षेत्रमा स्वास्थ्य र सरसफाइ प्रवर्द्धनको गतिलाई कसरी तीव्रता दिन सकिन्छ र सोका लागि भविष्यमा दक्षिण एशियाका मुलुकहरुले के कस्ता नीति तथा कार्ययोजना तयार गर्न सक्छन् भन्नेबारेमा छलफल भएको थियो ।

सम्मेलनमा खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत विभिन्न सरकारी एवम् गैर सरकारी संघसंस्था, दातृसंस्था, विज्ञ आदिको संयुक्त प्रयासमा देशले अङ्गिकार गर्नुपर्ने कार्यक्रम एवम् रणनीतिको भावी दस्तावेज समेटेर नेपालका तर्फबाट खानेपानी तथा ढल निकास विभाग, वातावरणीय सरसफाइ शाखाका प्रमुख नवल किशोर मिश्रले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सम्मेलनको उद्घाटनका अवसरमा ध्वतभच क्ाउउथि बलम क्बलष्तबतष्यल ऋयीिबदयचबतष्खभ ऋयगलअष ९ध्क्क्ऋ० का तर्फबाट नेवाका निर्देशक उमेश पाण्डेले नागरिक समाजको प्रतिनिधित्व गर्दै मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सम्मेलनमा नेपालका तर्फबाट भौतिक योजना तथा निर्माण मन्त्री बुद्धिमान तामाङको नेतत्वमा भौतिक योजना तथा निर्माण मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग, नेवा, नेपाल रेडक्रस सोसाइटी, फण्ड बोर्ड, एन्फो, वाटरएड नेपाल, प्लान नेपाल, युनिसेफ तथा विश्व स्वास्थ्य सङ्गठन प्रतिनिधिहरू सहभागी भएका थिए । ढाका घोषणापत्रको पूर्ण विवरण पृष्ठ ६ मा तथा नेपालद्वारा प्रस्तुत कार्यपत्र पृष्ठ ७ मा दिइएको छ ।

## के नेपालमा गत महिना २० हजार चर्पी निर्माण भए ?

के नेपालमा गत महिना २० हजार चर्पी निर्माण भए ? यदि भएनन् भने सन् २००२ मा जोहानसवर्गमा सम्पन्न दिगो विकाससम्बन्धी विश्व सम्मेलनले निर्धारण गरेको लक्ष्यप्राप्ति गर्ने कार्य नेपालका लागि कठीन चुनौती साबित हुनेछ । उक्त सम्मेलनमा नेपालले 'सहस्राब्दी विकास लक्ष्य' ले तय गरेको सन् २०१५ सम्ममा सरसफाइको सुविधाबाट वञ्चित विश्व जनसंख्यालाई हालको भन्दा आधा कम गर्ने महत्वाकांक्षी लक्ष्य प्राप्तिका लागि प्रतिवद्धता जनाएको थियो । यसको अर्थ नेपालमा सन् २०१५ सम्ममा सरसफाइका सुविधाहरूको उपलब्धता ग्रामीण क्षेत्रमा ५७ प्रतिशत र शहरी क्षेत्रमा ८५ प्रतिशत भएको हुनुपर्नेछ । यो लक्ष्य प्राप्तिका लागि आगामी १२ वर्षभित्रमा थप २९ लाख चर्पीहरूको निर्माण भएको हुनुपर्नेछ । यसबमोजिम यस महिनामा गरिएको विश्लेषणअनुसार आगामी १२ वर्षसम्म प्रत्येक महिना २० हजार चर्पीको निर्माण गर्नु आवश्यक छ ।

लक्षित संख्याअनुसार चर्पी बन्न सकेनन् भने आउँदा दिनमा महिनैपिच्छे बनाउनु पर्ने चर्पीको संख्यामा वृहत् रूपमा वृद्धि हुँदै जानेछ । यसैले यो लक्ष्य प्राप्तिका लागि हाल साबिकको भन्दा करिव दोब्बर बढी काम गर्नुपर्ने अवस्था उत्पन्न भएको छ । चर्पी बनाउने काम आफैँमा चुनौतीपूर्ण त छ नै, यसभन्दा पनि चुनौतीपूर्ण अर्को कुरा के छ भने बनिएका चर्पीहरुको नियमित प्रयोग भएको, तिनको उचित मर्मतसम्भार भएको तथा मानिसहरुको सरसफाइसम्बन्धी आनीबानीमा दिगो रूपले आएको सुधारजस्ता कुरा निश्चित गर्नुपर्नेछ । त्यसैले यो लक्ष्य प्राप्ति गर्नका लागि श्री ५ को सरकार, नागरिक समाज तथा निजी क्षेत्रको संयुक्त प्रयासको आवश्यकता छ ।

खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत सरकारी तथा राष्ट्रिय एवम् अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरू मिली हालै गठन गरिएको 'नेपाल वाश ग्रुप' ले सरसफाइमा जनचेतना जगाउन तथा सरसफाइमा श्री ५ को सरकार तथा दात्री निकायहरूको प्राथमिकतालाई बढाउने दिशामा कार्य गरिरहेको छ । अन्तरराष्ट्रिय खानेपानी तथा सरसफाइ साझेदारी परिषदको 'सबैका लागि पानी, स्वास्थ्य तथा सरसफाइ' (Water, Sanitation and Hygiene for all - WASH) अभियानलाई अघि बढाउन नेपालमा गठित 'नेपाल वाश ग्रुप' मा हाल खानेपानी तथा ढल निकास विभाग, नेवा, फण्ड बोर्ड, वाटरएड नेपाल, युनिसेफ, तथा विश्व स्वास्थ्य सङ्गठन, सम्मिलित छन् । आगामी दिनमा यस समूहलाई अझ विस्तृत र प्रभावकारी बनाइने योजना रहेको छ ।

### यस अङ्कमा

*विद्यालय सरसफाइ कार्यक्रमलाई नमूना बनाउन चाहिने मुख्य बुँदाहरू* पृष्ठ ३

*खानेपानी र चर्पीको निर्माण मात्र सरसफाइसम्बन्धी बानीव्यवहार परिवर्तन गर्न पर्याप्त हुँदैनन्* पृष्ठ ८

*राष्ट्रिय सरसफाइ नीति २००२ का मुख्य बुँदाहरू* पृष्ठ १०

*महाराष्ट्रमा गाउँ स्वच्छता अभियान* पृष्ठ १२

**सम्पादन मण्डल**

कमल अधिकारी
(खानेपानी तथा ढल निकास विभाग)

जेम्स विकेन
(वाटरएड नेपाल)

नमस्तेलाल श्रेष्ठ
(युनिसेफ नेपाल)

शरद अधिकारी
(विश्व स्वास्थ्य सङ्गठन)

हिमालय गौतम
(ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति)

**कार्यकारी सम्पादक**

भरत अधिकारी
(नेपाल स्वास्थ्यको लागि पानी)

**पत्राचार ठेगाना**

नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
प्रधान कार्यालय, लोहसाल, काठमाडौं
पो.ब. नं. ४२३१
फोन : ४३७७१०७/४३७७१०८
फ्याक्स : ४३७००७८
इमेल : communication@newah.org.np
वेबसाइट : www.newah.org.np

### सम्पादकीय

# सरसफाइ प्रवर्द्धनका लागि सबैको चासो आवश्यक

हाम्रो देशमा सरसफाइको अवस्था ज्यादै नाजुक छ भन्ने तथ्य अब हाम्रालागि नौलो छैन । अधिकांश नेपालीहरूले सरसफाइको न्यूनतम सुविधा पाउन सकेका छैनन् । सुविधा पाएकाहरू सबैमा पनि सरसफाइसम्बन्धी उचित आनीबानीको विकास हुन सकेको छैन । यस्तो स्थितिमा हामीले आगामी १२ वर्षभित्रमा सरसफाइको सुविधा नपुगेका मानिसहरूको संख्यालाई आधा कममा ल्याउने वचनवद्धता विश्वमञ्चमा प्रकट गरिसकेका छौं । यसका लागि हामीले आउँदा १२ वर्षसम्ममा प्रतिमहिना २० हजारभन्दा बढी चर्पी बनाउनु पर्नेछ । साथसाथै बनिएका चर्पीहरूको मर्मतसम्भार तथा मानिसहरूमा सरसफाइसम्बन्धी उचित बानीव्यवहारको विकास गर्न विशेष ध्यान दिनुपर्नेछ ।

यो चानचुने लक्ष्य होइन । त्यसैले यस विषयलाई अब नीति निर्माताहरूदेखि लिएर सामान्य नागरिकहरूले समेत उत्तिकै गम्भीरतापूर्वक लिनुपर्ने बेला भइसकेको छ ।

हालै बंगलादेशमा सम्पन्न दक्षिण एशियाका राष्ट्रहरूको सरसफाइसम्बन्धी सम्मेलन (SACOSAN) ले सरसफाइ प्रवर्द्धनका लागि यस क्षेत्रका सबै राष्ट्रबाट राजनैतिक तहकोसमेत प्रतिवद्धता जुटाउन सफल भएको छ । यस क्षेत्रका नौ वटा देशका मन्त्री, खानेपानी तथा सरसफाइ क्षेत्रका विज्ञहरू, नागरिक समाज, गैर सरकारी संस्था, विकासका साझेदारहरू तथा निजी क्षेत्र सम्मिलित प्रतिनिधि मण्डलले सरसफाइ प्रवर्द्धनका लागि ढाका घोषणापत्र तयार पारेको छ । यस कदमबाट आगामी दिनमा सरसफाइ प्रवर्द्धनका लागि ठोस र प्रभावकारी काम हुने कुराप्रति आशा पलाएको छ ।

यस सम्मेलनले यस क्षेत्रमा सरसफाइको क्षेत्रमा देखिएका समस्याहरूलाई पहिचान गरी सरसफाइ प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमको रूपरेखासमेत तयार पारेको छ । स्वस्थकर बानी व्यवहारलाई प्रोत्साहित गर्न जोड दिएको छ । जनस्वास्थ्यको स्तर वृद्धि गर्न सम्मेलनका सहभागीहरूले प्रतिवद्धता व्यक्त गरेका छन् ।

व्यक्त गरिएको प्रतिवद्धताअनुसार काम हुने हो भने यस क्षेत्रमा लक्षित उपलब्धिहरू अवश्य हासिल हुनेछन् । सरसफाइ प्रवर्द्धन अभियानजस्तो प्रत्यक्ष मानवीय सरोकारको विषयलाई देशमा विद्यमान असहज परिस्थितिमा पनि निस्तेज बन्न दिनु हुँदैन । यस अभियानलाई राष्ट्रिय चुनौतीका रूपमा ग्रहण गरी श्री ५ को सरकार, निजी तथा सार्वजनिक क्षेत्र तथा नागरिक समाज सबैले सरसफाइ प्रवर्द्धनका लागि योगदान दिनुपर्ने कुरा आजको अपरिहार्य आवश्यकता हो ।

# किन यो ठूलो मुद्दा हो त?

- किनभने विश्वको एक तिहाइ भागको वास्तविक वातावरणीय जोखिम भनेको घरछेउको फोहोर, दुर्गन्धि तथा रोगहरूको बिगबिगी हो ।
- किनभने विकासशील राष्ट्रका आधा जनसंख्या असुरक्षित खानेपानी र सरसफाइका कारणले बिरामी भइरहेका छन् ।
- किनभने खानेपानी तथा सरसफाइको अभावका कारणले लाखौं महिलाहरूको आत्मसम्मान लुटिएको छ, शक्ति र समय बर्बाद भएको छ ।
- किनभने बाल्यावस्थामा बारम्बार लागिरहने रोगहरू नै बालबालिकाहरू ढिलो बढ्ने तथा छिट्टै मर्ने मुख्य कारण हुन् ।
- किनभने विकासशील देशका अस्पतालका ५० प्रतिशत शैयाहरू असुरक्षित खानेपानी र सरसफाइको अभावबाट ग्रस्त बिरामीहरूले भरिएका हुन्छन् ।
- किनभने स्वास्थ्यसँग सम्बन्धित बिरामीका कारणले विकासशील देशमा एक वर्षमा काम गर्ने पाँच अरब दिन खेर जान्छ ।
- किनभने सन् २०३० सम्ममा विश्वका दुईतिहाइ मानिसहरू शहरमा बसोबास गर्नेछन् ।
- किनभने दिगो विकास जनताको स्वास्थ्य र आत्मसम्मानसँगसँगै सुरू हुन्छ ।

स्रोत : .WASH campaign materials

## विद्यालय सरसफाइको महत्त्व

# विद्यालय सरसफाइ कार्यक्रमलाई नमूना बनाउनका लागि चाहिने मुख्य बुँदाहरू

*नमस्तेलाल श्रेष्ठ*
*(युनिसेफ)*

नेपालमा खासगरी बालबालिकाहरूमा सरूवारोग बढी देखा पर्ने गरेको पाइएको छ । यसको मुख्य कारण व्यक्तिगत सरसफाइसम्बन्धी उचित किसिमको आनीबानीलाई अपनाउन नसक्नु हो । साथै फोहोर वातावरण तथा असुरक्षित खानेपानी पनि सरूवा रोगका प्रमुख कारण हुन् । मानिसहरूको सरसफाइसम्बन्धी आनीबानी सुधार्नका लागि स्वास्थ्यशिक्षा अपरिहार्य छ ।

बालबालिकाले घरपछि सिक्ने मुख्य ठाउँ विद्यालय हो । विद्यालयमा सरसफाइसम्बन्धी पर्याप्त सुविधाहरू उपलब्ध भएको खण्डमा बालबालिकाहरूले नमूनाको रूपमा काम गर्न सक्छन् । शिक्षकहरूले चाहिँ आदर्श अगुवाको भूमिका निर्वाह गर्न सक्छन् । विद्यालयहरूको सम्पर्क समुदायका थुप्रै घरहरूसित हुने भएकाले विद्यालयमा सिकाइएका कुरा घरघरमा पुऱ्याउन सजिलो हुन्छ ।

बालबालिका सिक्न र अरूलाई मद्दत गर्न ज्यादै उत्सुक हुन्छन् । उनीहरू सक्रिय, फूर्तिला र उत्साही हुन्छन् । त्यसैले सरसफाइसम्बन्धी उचित व्यवहारको विकास गरी सोसम्बन्धी सुविधाहरूको प्रयोग गर्ने बानीको विकास गर्नका लागि बाल्यकाल उत्तम समय हो । आजका बालबालिका भोलि आमाबाबु हुने भएकाले उनीहरूले सिकेका कुरा आफ्ना सन्ततिलाई पनि सिकाउन सक्छन् । त्यसैले बालबालिकालाई विकास प्रक्रियामा सहभागी गराएको खण्डमा उनीहरू आफ्नो परिवारभित्र परिवर्तनका संवाहक बन्न सक्छन् ।

नेपालका धेरैजसो विद्यालयहरूमा सरसफाइसम्बन्धी व्यवहारहरू निम्नस्तरीय छन् । त्यसकारण बालस्वास्थ्यमा सुधार ल्याउनका लागि ती कुरामा ज्यादै गम्भीर रूपले ध्यान केन्द्रीत गर्नु जरूरी छ । विद्यालयमा सरसफाइसम्बन्धी सुविधाहरूको अभाव भएमा वा तिनको सम्भार राम्ररी गरिएको छैन भने विद्यालयहरू रोग सल्किने जोखिमपूर्ण ठाउँमा परिणत हुन सक्छन् । त्यसकारण विद्यालयमा सरसफाइसम्बन्धी उचित सुविधा हुनु आवश्यक छ । खासगरी झाडापखालाजस्ता सरूवा रोगहरू उत्पन्न हुने कुरालाई घटाउन र वातवरणीय सरसफाइको प्रवर्द्धन गर्नका लागि बालबालिकालाई सरसफाइसम्बन्धी सुविधाहरूको सही तरिकाले प्रयोग गर्न जान्ने गरी व्यवहारमा परिवर्तन ल्याउनु जरूरी छ ।

विद्यार्थीहरूलाई घर र विद्यालय दुवैमा सरसफाइ–सम्बन्धी सुविधाहरूको उचित प्रयोग गर्न सिकाएर मात्र स्वास्थ्य, सरसफाइ तथा रोगनिरोध सम्बन्धी ज्ञान दिलाउनु युक्तिसङ्गत देखिन्छ । मानिसलाई समर्थवान बनाउने र सुदृढीकरण गर्ने तत्वहरूले ज्ञानलाई टेवा दिएको खण्डमा मात्र विद्यालय तथा समुदायमा परिवर्तन देखा पर्नसक्छ । यस कुराले सरसफाइसम्बन्धी शिक्षालाई खानेपानी तथा वातारवणीय सरसफाइका सुविधाहरूको निर्माण गर्ने कुरालाई एकसाथ गाँस्नुपर्ने र समुदाय तथा स्वास्थ्यसम्बन्धी संस्थाहरूलाई विद्यालयको सरसफाइ कार्यमा संलग्न गराउनु पर्ने कुरामा जोड दिन्छ ।

### विद्यालय सरसफाइ कार्यक्रमलाई नमूना बनाउनका लागि चाहिने मुख्य बुँदाहरू

#### १. शौचालयको अवस्था

- केटा र केटीका लागि छुट्टाछुट्टै,
- दिसा र पिसाबका लागि अलग अलग ठाउँको व्यवस्था,
- मग, बाल्टिन, ब्रस, पानीको सुविधा आदि,

#### २. पानीको व्यवस्था

- धाराको सुविधा (पानी पिउन र सरसफाइका लागि),
- प्लेटफर्मको सुविधा (सजिलो र सफाइका लागि),
- साबुन राख्ने ठाउँ, रूमालको व्यवस्था आदि
- खेर गएको पानीको निकास (बगैंचा, करेसाबारी, वृक्षरोपण गरिएको क्षेत्र, पानी सोस्ने खाडल आदि),

#### ३. विद्यालय हाताको सफाइ व्यवस्था,

- कम्पाउण्डको नियमित सफाइ,
- फोहोर फाल्ने खाडल (जलाउने, गलाउने र थुपार्ने),
- बार बन्धन,

#### ४. कक्षा कोठा सफाइ

- फोहोर राख्ने र उठाउने भाँडाको व्यवस्था,
- कुचोको व्यवस्था,
- कक्षा कोठाको नियमित सफाइ,

#### ५. अध्ययन र अनुगमन

- आधारभूत सर्वेक्षण, अध्ययन (विद्यालय र समुदायमा)
- निरन्तर अनुगमन (स्व–अनुगमन, विद्यालय र समुदायमा)
- सामुदायिक नक्सा

#### ६. लिखत (डकुमेन्टेसन)

- विद्यालयको जानकारी पुस्तिका
- बार्षिक कार्यक्रम
- अभिलेख – मुख्य क्रियाकलापहरू, सारांश, बार्षिक/अर्धबार्षिक अभिलेख आदि
- बैठकको निर्णय (माइन्यूट)
- नौलो तथा सफल भएका कार्यक्रमसम्बन्धी लेखहरू
- अनुगमन टोलीको सुझाव पुस्तिका
- विद्यालयमा तयार पारेको नियम
- जानकारीमूलक सन्देश/सूचनापाटी

#### ७. बाल समूह

- समूह गठनमा छात्रछात्राको अनुपात मिलाउने
- नौला तथा सिर्जनशील क्रियाकलापहरू (नमूना प्रदर्शन, कोष संकलन, सामग्रीको विकास आदि)
- अभियान कार्यक्रमहरू सहभागिता (विद्यालय सरसफाइ कार्यक्रम र राष्ट्रिय सरसफाइ कार्यक्रम अन्तर्गत)
- अतिरिक्त क्रियाकलापहरू
- समुदायमा गई गरिएका क्रियाकलापहरू (चर्पी प्रवर्द्धन)
- विद्यालय नआउने बालबालिकालाई सहयोग आदि ।

**८. बालबालिकाको अनुकूल हुने सुविधाको व्यवस्था**

- शौचालयको चुकुल, ठाउँ आदि
- धाराको टुटी सजिलो र बालबालिकाले भेट्ने खालको हुनुपर्छ ।
- कार्यक्रममा सहभागिता (लेखाजोखा, विश्लेषण र कार्यान्वयनमा)
- अन्य सुविधाहरू (नङकट, काईंयो, ऐना, जुत्ता पुछ्ने ब्रश, प्राथमिक उपचार सामग्री आदि)
- शैक्षिक एवम् खेलकूद सामग्रीको प्रयोग, प्रवर्द्धन तथा उचित भण्डारको व्यवस्था

**९. मर्मत र सम्भार व्यवस्था**

(क) कोषको व्यवस्था (शौचालय र पानीका लागि)
(ख) औजार सामग्रीको व्यवस्था (विद्यालय हाता भित्र मर्मतसम्भार गर्नका लागि)
(ग) विद्यालयको सरसफाइसम्बन्धी नियमहरू

- शौचालयको प्रयोग र सरसफाइ
- धारा, प्लेटफर्म तथा ढलको प्रयोग र सफाइ
- कम्पाउण्डको सरसफाइ
- कक्षाकोठाको सरसफाइ
- अन्य वातावरणीय सरसफाइ (बगैंचा, करेसाबारी आदि)

**१०. अन्य सहयोग र सहभागिता**

- शिक्षक र कर्मचारी वर्गको सहभागिता र कोष संकलनमा सहयोग
- गा.वि.स.को सहभागिता र आर्थिक सहयोग
- अन्य संघ संस्था तथा निकायहरूको सहभागिता र सहयोग
- विद्यालय व्यवस्थापन समितिको सहभागिता र आर्थिक सहयोग
- समुदायको सहभागिता र वातावरणीय सरसफाइमा जोड

## चर्पी कोठालाई स्टोर बनाएपछि

विद्यालयमा तीन वटा चर्पी कोठा छन् । तर दुई वटाको ढोकामा विद्यालयका सरसामान राखी ताल्चा लगाइएको छ । बाँकी एउटाको पनि राम्ररी प्रयोग भएको छैन । शिक्षक तथा विद्यार्थी दिसा पिसाब गर्न पहिले झैं खुल्ला मैदान धाइरहेका छन् ।

यस्तो अवस्था छ सिरहा जिल्लाको धनगढी गाउँ विकास समिति अन्तर्गतको एउटा प्राथमिक विद्यालयको । स्रोत र साधन भइकन पनि व्यवस्थापन पक्ष राम्रो भएन भने विकास निर्माणको कामको कुनै अर्थ हुँदैन भन्ने कुराको यो एउटा नमूना हो । नेवा तथा साना किसान विकास आयोजना, छप्रारीको साझेदारीमा आर्थिक बर्ष २०५७/५८ मा उक्त विद्यालयमा तीन वटा चर्पी कोठाको निर्माण भएको थियो । चर्पीको यस्तो हविगत त छँदैछ, खानेपानीका लागि विद्यालय प्राङ्गणमा जडान गरिएको ट्युववेलसमेत सञ्चालनमा रहेको छैन ।

एउटा कोठा मात्र चर्पी विद्यार्थीहरुका लागि पर्याप्त छैन । उनीहरू भन्छन्, "एउटा मात्र चर्पीमा त भीड हुन्छ, पालो पर्खिंदा पर्खिंदै घण्टी बज्छ, त्यसैले हामी बाहिर जान्छौं । यहाँको ट्युववेलबाट राम्ररी पानी नआएकाले तिर्खा लागे नजिकै बजारको पानी खान जान्छौं ।"

विद्यालयका शिक्षक शिक्षिकाहरू सामान राख्ने ठाउँको अभाव भएकाले नै चर्पी कोठालाई स्टोर बनाउनु परेको बताउनु हुन्छ ।

यस्तो समस्या नेपालका धेरै विद्यालयहरूको साझा समस्या हो । विद्यालय प्रशासन, अभिभावक, सञ्चालक समितिजस्ता जिम्मेवार पक्षहरुले सरसफाइलाई महत्व नदिएको परिणाम हो यो । विद्यालयमा पाठ्यक्रमका साथसाथै कैयौं जीवनोपयोगी सीपक सिक्ने ठाउँ समेत हो । त्यसैले बालबालिकाले सानैदेखि सरसफाइसम्बन्धी उचित आनीबानीलाई अपनाउन सकून् भन्ने उद्देश्य लिई विद्यालय सरसफाइलाई जोड दिनै पर्दछ ।

*- भरतप्रसाद भट्ट (नेवा)*

## बल्ल गौरीदेवीले मुक्ति पाइन्

*राजु शाह र विष्णुप्रसाद दाहाल (नेवा)*

"मैले १७ बर्षसम्म लगातार बुहारीहरूको दिसापिसाब फ्याँकें, १० बर्षजति बुहारीहरूलाई नुहाउने-लुगा धुने पानी बोकिदिएँ । सात वर्ष अघि घरमा ट्युववेल गाडेपछि पानी चाहिँ बोक्नु परेन । यसवर्ष घरमै चर्पी बनेकाले बुहारीहरूको दिसा फ्याँक्ने झन्झटबाट मुक्ति पाएकी छु ।" यसपाली ८० वर्ष पुगेकी गौरीदेवी झा भन्छिन् । गौरीदेवीको यो 'भोगाइ' कुनै दुर्गम र पिछडिएको ठाउँको नभई एक शहरोन्मुख नगरपालिकामा बसोबास गर्ने कथित उच्चजातिको घरभित्रको वास्तविकता हो । सुन्दा अचम्म लाग्ने यो कुरा तराइ क्षेत्रका कतिपय ठाउँका लागि भने नौलो होइन ।

तराइका केही जातिहरूमा बुहारी भित्र्याएपछि उनीहरूलाई तिनका छोराछोरी नहुर्किञ्जेलसम्म घर बाहिर निस्कन नदिने चलन छ । उनीहरूले दिसापिसाब गर्ने तथा लुगा धुने नुहाउने काम घर भित्रै गर्नुपर्छ । घरमा चर्पी नहुनेहरू कोपरामा दिसा पिसाब गर्छन् । कोपरा फ्याँक्ने काम सासुले, सासु नभए नन्दले र नन्द पनि नभए छरछिमेकका सासु पर्नेले गर्नु पर्दछ ।

गौरीदेवी महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकाकी वासिन्दा हुन् । उनका तीन जना छोराहरू सबै शिक्षित छन् । तर जतिसुकै शिक्षित परिवार भए पनि परम्परा विरूद्ध आवाज उठाउन आँट गर्ने मानिसहरू समुदायमा छैनन् । "हाम्रो गाउँघरमा अझै पनि मेरोजस्तो दुःख भोग्ने सासुहरू छन्, अरूको त्यो दुःख सम्झँदा मलाई पनि धेरै दुःख लाग्छ । घरमा चर्पी बनाउन नसक्नेले त कोपरामा दिसा नफ्याँकी साध्य नै छैन ।" गौरीदेवी भन्छिन् ।

दुःख सासुहरुले मात्र भोगेका होइनन् । रूढीवादी चलनले गर्दा कैदीजस्तो जीवन बिताउनु पर्ने बुहारीहरूको बाध्यता पनि त्यस्तै छ । "बुहारीहरूले पाएको बच्चा हिँड्ने भएर घर बाहिर जान्छ, हिलो खेल्छ, बाटामा लड्छ, तर उनी घरभित्रबाट टुलुटुलु हेरिरहन बाध्य हुन्छिन् । उनले बच्चालाई उठाउन जानु हुँदैन, यस्तै छ हाम्रो संस्कार ।" स्थानीय वृजलाल सिंह गुनासो पोख्छन् ।

२०५९ साल चैत्रमा नेवा र रतौली युवा क्लबको साझेदारीमा समुदायमा खानेपानी तथा सरसफाइ प्रवर्द्धनको काम सुरू भयो । मानिसहरूले यस कार्यक्रम अन्तर्गत घर-घरमा चर्पी बनाए । कार्यक्रम अन्तर्गत सञ्चालन भएको टोल शिक्षा कार्यक्रमबाट चर्पीको प्रयोग तथा सरसफाइसम्बन्धी राम्रा बानी व्यवहारहरू सिक्ने मौका पाए । यही कार्यक्रम अन्तर्गत घरमा चर्पी बनेपछि दिसापिसाब फ्याँक्नुपर्ने झन्झटबाट महिलाहरूले मुक्ति पाए ।

खानेपानी र सरसफाइ प्रवर्द्धनसम्बन्धी एकीकृत कार्यक्रमले गर्दा महिलाहरूले ठूलो राहत पाए । तर उनीहरूको अवस्थामा सुधार ल्याउन अझै धेरै गर्नु बाँकी छ । भर्खर विवाह भएका वा छोराछोरी सानै भएका महिलाहरूले अरूको सामुन्ने पर्नै हुँदैन भन्ने रूढीवादी संस्कार उनीहरूमाथि हुने गरेको भेदभावको चरम सीमा हो । महिलाहरूलाई यस्तो कुसंस्कारबाट मुक्त नगरूञ्जेल खानेपानी र सरसफाइको सुविधाले मात्र उनीहरूको जीवनमा उल्लेखनीय परिवर्तन आउने आशा गर्न सकिदैन ।

*(व्यक्तिगत गोप्यताका लागि यस लेखमा उल्लिखित मानिसहरूको नाम परिवर्तन गरिएको छ ।)*

सच्याइएको : पानी र सरसफाइको वर्ष २, अंक ४ मा प्रकाशित 'सरसफाइ प्रवर्द्धनको प्रभावकारी कदम : राष्ट्रिय सरसफाइ सप्ताह' शीर्षकको लेखमा १५ हजार चर्पी निर्माण भएको हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

# "घरै नहुनेले चर्पी कहाँ बनाउँछन् ?"

*- कोपिला लामिछाने (नेवा)*

"अब आउने दश बर्षभित्रमा सबै नेपालीका घर–घरमा चर्पी भइसक्नेछन्, श्री ५ को सरकारले लिएको लक्ष्य हो यो ।" एकीकृत खानेपानी तथा सरसफाइ कार्यक्रममा कार्यरत कर्मचारीहरू समुदायहरुमा गई श्री ५ को सरकारको नीतिका बारेमा यसरी प्रस्ष्ट पार्ने गर्छन् ।

बिराटनगर उपमहानगरपालिकाको वडा नं ५, खार्जी टोलकी विन्दु श्रेष्ठ प्रश्न गर्छिन्, "नीतिमा सुकुम्बासीहरुलाई चर्पी बनाउन जग्गा दिने कुरा पनि छ ? घरै नहुनेले चर्पी कहाँ बनाउँछन् ?"

यस्ता प्रश्नको उत्तर भने कर्मचारीहरुसित छैन । नीति र कार्ययोजनामा भएका कुरा बुझाउन जति सजिलो छैन यस्ता प्रश्नहरूको जवाफ दिन ।

तर कुरा बुझेर पनि स्रोत र साधनको अभावमा उचित सरसफाइका आनीबानीलाई अपनाउन पाएका छैनन् ग्रामीण क्षेत्रका अधिकांश वासिन्दाले । खार्जीकै बलदेव मण्डललाई घरमा चर्पी बनाउनु पर्छ भन्ने कुरा थाहा छ तर जग्गा नभएकाले चर्पी बनाउन नसकेको कुरा उनी बताउँछन् । "छिमेकीको चर्पीमा केही लगानी गरेर त्यही चर्पी प्रयोग गर्दैछु ।" उनी भन्छन् ।

खार्जीमा नेवाले नारी विकास संघ, विराटनगरसँगको साझेदारीमा आर्थिक वर्ष २०५८/५९ मा खानेपानी, स्वास्थ्यशिक्षा तथा सरसफाइ आयोजना सञ्चालन गरेको थियो । आयोजना सुरू भएपछि यहाँका वासिन्दाहरूले ९८ वटा चर्पीहरू निर्माण गरि तीमध्ये अधिकांशको प्रयोग पनि गर्न थालेका छन् । भौतिक सुविधाका साथै स्वास्थ्य र सरसफाइसम्बन्धी ज्ञान पाएकाले आफ्नो जीवनशैली बदलिएको कुरा यहाँका वासिन्दाहरू बताउँछन् ।

विन्दु श्रेष्ठको प्रश्नलाई सरसफाइमा आएको चेतनाको उदाहरण मान्न सकिन्छ । "स्कूले केटाकेटीलाई चर्पी बनाइदिएर मात्र पुग्दैन, कसरी चर्पी प्रयोग गर्ने, कसरी हात राम्ररी धुने भन्ने कुरा पनि सिकाउनु पर्छ" उनी भन्छिन् ।

खानेपानी सुविधाको तुलनामा सरसफाइका सुविधाहरू ज्यादै कम छन् । उपलब्ध भौतिक सुविधाहरू पनि सरसफाइसम्बन्धी चेतनाको अभावले गर्दा प्रयोग हुन सकेका छैनन् । खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले कार्यक्रम कार्यान्वयनका चरणमा समुदायमा स्वास्थ्य र ससरफाइ शिक्षाका कक्षाहरू सञ्चालन गरेकाले त्यस्ता क्षेत्रका वासिन्दाहरूको चेतनाको स्तर केही बढेको छ । तर यस्ता कार्यक्रम सञ्चालन नभएका ठाउँमा चेतना र सुविधा दुवैको स्तर ज्यादै दयनीय छ ।

सरसफाइका क्षेत्रमा उल्लेखनीय परिवर्तन ल्याउने काममा सरकारी तथा गैरसरकारी संस्थाहरूको मात्र संलग्नता अब पर्याप्त छैन । बरू निजी क्षेत्र र नागरिक समाजले पनि अब सरसफाइ प्रवर्द्धनका लागि भूमिका निर्वाह गर्नुपर्ने बेला भएको छ । श्री ५ को सरकारले बढी व्यावहारिक र लक्ष्य प्राप्ति गर्न सकिने कुराहरूलाई नीति र कार्ययोजनामा समावेश गरी निजीक्षेत्र र नागरिक समाजलाई यस क्षेत्रमा संलग्न हुन प्रोत्साहित गर्नुपर्दछ । यसो भएमा मात्र लक्षित समयमा उपलब्धि हासिल गर्न सकिनेछ ।

# "अब मलाई इनार छोएको बात लाग्दैन"

*- सोनिया थापा (नेवा)*

चार घण्टासम्म इनारमा कुर्दा पनि कैलीले पानी खान पाइनन् । सधैं अरूले आ–आफ्ना भाँडाकुँडा भरिसकेपछि कैलीको घैंटोमा पानी हालिदिन्थे । तर त्यसदिन इनार छेउछाउमा कोही पनि थिएन । कोही आउलान् र घैंटो भरिदेलान् भनेर कैली बाटो हेर्दैथिइन् । कुर्दाकुर्दा पनि कोही नआएपछि तिर्खाले आकुल भएर कैलीले आफैं इनारबाट पानी उघाइन् ।

त्यतिखेरको तिर्खा मेटिएपनि कैलीलाई 'ठूला जातको इनार छोएको' बात लाग्यो । कैलीले इनार छोएको थाहा पाएर समुदायका अरू सदस्यले त्यस इनारको पानी नै खान छाडिदिए ।

यस्तो जातीय भेदभाव सहन बाध्य कैली मल्लिक (डोम ) विधवा महिला हुन् । हेर्दा ५४/५५ बर्षकी जस्ती लाग्ने उनलाई आफ्नो उमेर थाहा छैन । उनका दुई छोरा र चार छोरी सबैको बिहे भइसकेको छ । हाल उनी कान्छा छोरा बुहारीसँग सिरहा जिल्लाको ढोडना गाउँमा बस्छिन् । उनीहरू तीन पुस्तादेखि यस गाउँमा बस्न थालेका हुन् ।

आफैंले बुनेका पंङ्खा, ढकी, जाबि, नाङ्लो, आदि बेचेर कैलीको परिवारको जीविका चल्छ । यसबाट उनीहरू महिनामा ४ सयदेखि ५ सय जति कमाउँछन् । यसबाट उनीहरूको गुजारा चल्न धेरै मुस्किल पर्छ ।

समुदायमा छुवाछुतको भावनाले कुन हदसम्म जरो गाडेको छ भन्ने कुरा डोमहरूको अवस्था हेर्दा थाहा हुन्छ । यिनीहरू कथित तल्लो जातिका भएकाले अरू जातिसँग घुलमिल भएर बस्न पाउँदैनन् । उनीहरूको बसोबास अलग्गै हुन्छ । उनीहरू परिवारमा कसैको मृत्यु भएका बेला आफन्तहरू नआएसम्म लाश जलाउन लैजान सक्दैनन् । कथित माथिल्ला जातिहरूको घाटमा उनीहरूले लाश जलाउन पाउँदैनन् । कैली भन्छिन्, "मेरो लोग्ने मर्दा लाश जलाउने ठाउँ नपाएर यहीं घर अगाडि जलाउनु पऱ्यो ।"

कैली आफ्ना नातिनातिनासँग

तस्बीर : सोनिया थापा

### गाउँ किन्नु पर्ने बाध्यता

यस्ता सामाजिक भेदभावले गर्दा डोमहरूको अवस्था ज्यादै दयनीय छ । परम्परादेखि डोमहरूको बसोबास भएका ठाउँमा जिविकोपार्जनका लागि अरू डोम परिवार जान नपाउने अघोषित चलन हुन्छ । त्यहाँ गएर बसोबास गर्नुपऱ्यो भने पहिलेदेखि बसोबास गर्दै आएको डोम परिवारसँग त्यो गाउँ किन्नुपर्ने हुन्छ । गाउँ हेरी १० हजारदेखि १५ हजारसम्ममा एउटा गाउँ किनिएको हुन्छ । एउटा परिवारले किनेको गाउँमा त्यही परिवारले मात्र उत्पादन गरेका सामग्रीहरू बेचबिखन गर्न तथा अन्नपातसँग साट्न पाउँछन् ।

### "अब इनार छोएको बात लाग्दैन"

कैलीको परिवारले सबैभन्दा बढी भोग्नु परेको समस्या खानेपानीको थियो । अरूको पालो पुगेपछि मात्र पानी भर्नु पर्ने, इनार कल आफूले छुन नपाउनेजस्ता भेदभाव सहन बाध्य कैलीले आयोजना सकिएपछि भने केही राहत पाएकी छन् । नेवा र स्थानीय ग्राम सेवी समूहको आर्थिक तथा प्राविधिक सहयोगमा खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालन भएपछि समुदायमा ४२ वटा कल गाडिए । कैलीको परिवारले आफ्नै कल पाएपछि तिर्खा मेट्न अरूको बाटो हेर्नुपर्ने बाध्यताको अन्त्य भएको छ । उनी भन्छिन्, "अब मलाई इनार छोएको बात लाग्दैन ।"

# सरसफाइसम्बन्धी दक्षिण एशियाली सम्मेलन (SACOSAN) ले पारित गरेको घोषणापत्र

*हालै बंगलादेशको राजधानी ढाकामा सम्पन्न सरसफाइसम्बन्धी दक्षिण एशियाली सम्मेलनले सरसफाइ प्रवर्द्धनको घोषणापत्र पारित गरेको छ । उक्त घोषणापत्रको नेपाली रूपान्तर यस अंकमा प्रस्तुत गरिएको छ :*

**क.** हामी विभिन्न ९ वटा देशका चारजना मन्त्री तथा राज्यमन्त्री, वरिष्ठ अधिकारी, खानेपानी तथा सरसफाइ क्षेत्रका विज्ञहरू, विद्वत् वर्ग, नागरिक समाज, गैर सरकारी संस्था, विकासका साझेदारहरू तथा निजी क्षेत्र सम्मिलित प्रतिनिधि मण्डलले यही अक्टोबर २१ देखि २३, २००३ मा बंगलादेशको राजधानी ढाकामा सम्पन्न सरसफाइसम्बन्धी दक्षिण एशियाली सम्मेलनमा निम्नलिखित समस्याहरूको पहिचान गरेर ढाका घोषणापत्र तयार पारेका छौं :

१. बितेको दशकमा धेरै उपलब्धि हासिल भए तापनि दक्षिण एशियाली सरसफाइको स्थिति ज्यादै दयनीय छ । खुल्ला ठाउँमा दिसापिसाब गर्ने, मलमूत्रको अव्यवस्थित निष्काशन गर्ने लगायतका अस्वस्थकर आनीबानीले गर्दा जीवनस्तर, रोगब्याधि नियन्त्रण र वातावरणमा गम्भीर चुनौतिका रूपमा रहेको कुरा पहिचान गरिएको छ ।

२. दक्षिण एशिया क्षेत्रका पाँच बर्ष मुनिका दश लाख बालबालिकाहरू प्रत्येक बर्ष पानी र सरसफाइसँग सम्बन्धित रोगका कारणले मर्ने तथ्यप्रति सजग भइएको छ ।

३. सरसफाइको साझा परिभाषा अन्तर्गत साझा रणनीतिको आवश्यकता छ भन्ने कुराप्रति सचेत रही दक्षिण एशियामा उचित सरसफाइ तथा स्वास्थ्यको प्रगतिलाई अभिवृद्धि गरी यस क्षेत्रका बासिन्दाको जीवनस्तरमा सुधार ल्याउन र बाल मृत्युदर तथा बिरामीदर घटाउन एवम् सहस्राब्दी विकास लक्ष्य (MDGs) तथा जोहानसबर्गमा सम्पन्न समुदायद्वारा निर्मित दिगो विकाससम्बन्धी विश्व शिखर सम्मेलनको लक्ष्य तथा प्रतिवद्धता पूरा गर्नु पर्नेछ ।

४. सरसफाइ तथा सुरक्षित खानेपानीको अवस्थामा महत्त्वपूर्ण उत्थानबाट स्वास्थ्य र उत्पादकत्वमा सुधार भई गरीबी घटाउने कार्यमा वृहत् मात्रामा सकारात्मक प्रभाव पर्ने भएकाले राष्ट्रको गरीबी न्यूनीकरणसम्बन्धी रणनीतिमा यसको केन्द्रीय भूमिका रहने महसुस गरिएको छ ।

५. शहरी र ग्रामीण क्षेत्रमा बसोबास गर्ने नाजुक स्थितिमा रहेका पिछडिएका तथा असहाय वर्गहरूले सरसफाइको सुविधा न्यूनतम रूपमा मात्र लिन सकेको कुरा महसुस गरिएको छ ।

६. विगत दुई दशकमा हासिल भएका अनुभवहरूलाई दृष्टिगत गर्दा परम्परागत रूपमा चलिआएको 'माथिबाट तल' (top-down) पद्धतिअनुरूपको सरसफाइ कार्यक्रम अन्तर्गत केवल निर्माण सामग्रीमा अनुदान दिने परिपाटीले सोचेअनुरूपको सुधार र दिगोपना सुनिश्चित गर्न सकेको छैन । तर जनचेतना, स्वास्थ्य तथा सरसफाइ शिक्षा एवम् तालिममा दिइएको प्रत्यक्ष र अप्रत्यक्ष अनुदान दिगो सरसफाइ प्रवर्द्धनका लागि अपरिहार्य भएको पाइयो ।

७. केही सरकारी, गैर सरकारी संस्था तथा निजी स्तरका साना योजनाहरूले आधारभूत सरसफाइको मागको सिर्जना गरेर घर–घरमा सेवा पुऱ्याई उल्लेखनीय उपलब्धि हासिल गरी प्रदर्शन गरेको बुझियो । (सबै घरपरिवारहरूमा सरसफाइयुक्त चर्पीको पहुँच बढेको साथै स्वस्थ बानीव्यवहारकोको विकास भएको)

**ख.** यस दक्षिण एशिया क्षेत्रमा "जनकेन्द्रीत, समुदाय निर्देशित, महिला पुरूष संवेदनशील र माग निर्देशित" पद्धतिअनुरूप उचित सरसफाइ र स्वास्थ्यलाई ध्यान दिनुपर्छ भन्ने कुराप्रति सर्वसम्मत रूपमा स्वीकार गरी निम्नलिखित सिद्धान्तहरूले नौलो नमूना वा अवधारणा परिपूर्ति गर्न सहयोग पुऱ्याउन यस्ता कार्यक्रमको रूपरेखा तयार गरिएको छ :

१. खुल्ला ठाउँमा दिसापिसाब गर्ने लगायत अन्य फोहोरी आनीबानी उन्मूलनका साथै स्वास्थ्य सम्बन्धी राम्रो आनीबानीलाई प्रवर्द्धन गर्ने ।

२. आफूलाई सहयोग गर्ने कुनै उपाय नभएका गरीबमध्येका पनि गरीबहरूलाई मात्र निर्माण सामग्री (hardware) सम्बन्धी अनुदान उपलब्ध गराउने । यस्तो सुविधा दिँदा उपयुक्त र प्रभावकारी अनुगमन र मूल्याङ्कन अपनाउने ।

३. स्वास्थ्य र सरसफाइ कार्यक्रमको उत्थानका लागि समुदायस्तरको अनुदानको आवश्यकता पहिचान गरी त्यसको प्रवर्द्धन, सचेतीकरण, क्षमता विकास र कोष व्यवस्थापन गर्ने ।

४. माग सिर्जनाका लागि आवश्यकता महसुस गराउन प्राथमिकता दिने, धारणा र स्वस्थ बानी व्यवहारमा आएको परिवर्तन कायम राख्ने र व्यापक सामुदायिक सहभागितालाई प्रोत्साहित गरी सरसफाइ कार्यक्रममा विद्यमान माथिदेखि तल पद्धतिले सरसफाइ कार्यक्रममा दिँदै आएको अनुदानलाई कम गर्दै लैजाने ।

५. स्थानीय प्रशासन एवम् समुदायहरूलाई खुल्ला रूपमा दिसा गर्ने एवम् अन्य अस्वस्थकर बानी व्यवहारहरूको विरूद्धमा सरिक हुन जानकारी दिने तथा ठोस कार्य गर्नेलाई पुरस्कृत गर्ने साथै धार्मिक तथा राजनैतिककर्मी मार्फत् समेत सरसफाइको महत्त्व बारेमा वकालत तीव्र पार्ने ।

६. बालबालिकाहरूको दिसापिसाबलाई उचित किसिमले तह लगाउने, अन्य स्वस्थकर बानी व्यवहारलाई प्रोत्साहित गर्ने तथा विद्यालय एवम् अन्य सामुदायिक सरसफाइ कार्यक्रमहरूमा स्वास्थ्य शिक्षाको विकास विस्तार गर्दै जाने ।

७. लैङ्गिक–संवेदनशीलता कार्यक्रमहरूको आवश्यकता पहिचान गर्ने ।

८. स्थानीय रहनसहनसँग मिल्ने, सजिलैसित प्राप्त गर्न सकिने सुपथ मूल्यका प्राविधिक विकल्पहरूको अनुसन्धान तथा विकास गर्ने ।

९. लघु उद्यमीहरूलाई प्राविधिक र आर्थिक पद्धतिद्वारा सबल बनाउन उचित वातावरणको सिर्जना गरी छिटो, राम्रो र सस्तो सेवा पुऱ्याउन प्रोत्साहित गर्ने ।

१०. स्थानीय प्रशासनलाई समुदायमा आधारित संगठनहरू एवम् गैर सरकारी संस्थाहरू तथा अन्य सरोकारवालाहरूसित रणनैतिक सहभागितामा संलग्न हुन प्रोत्साहित गर्ने, जसले गर्दा नयाँ किसिमको कार्यविधि सम्पादन गर्न सहयोग पुग्नेछ,

११. द्वन्द्व तथा आपतकालीन अवस्थाका समयमा सरसफाइ कार्यक्रम सञ्चालन गर्नुपर्दा विशेष व्यवस्थाको आवश्यकता पहिचान गर्ने,

**ग.** सम्मेलनमा सहभागी भएका मन्त्रीहरू प्रतिनिधि मण्डलका नेताहरूले दक्षिण एशियामा यथोचित सरसफाइ तथा स्वास्थ्यमा प्रगति गर्न निम्नानुसारका प्रतिवद्धताहरू व्यक्त गरे :

१. स्वास्थ्य तथा सरसफाइका सरोकारवालाहरूको सहभागितामा राष्ट्रिय कार्यक्रम तर्जुमा गरी साझेदारीमा सरसफाइ कार्यक्रम कार्यान्वयन गरी सम्पूर्ण विकास प्रक्रियाहरूमा सरसफाइको अवस्थामा सुधार ल्याई नागरिकको स्वास्थ्यको स्तर वृद्धि गर्ने ।

२. सरसफाइसम्बन्धी कार्यक्रमका सरोकारवालाहरू सँगको साझेदारीमा गरीबी न्यूनीकरण रणनीतिपत्रहरूको आधारमा राष्ट्रियस्तरका योजना र कार्यक्रमहरू तर्जुमा गर्ने ।

३. विस्तृत आधारभूत सङ्गठन निर्माणका लागि सरोकारवालाहरूसँग सहकार्य गर्दै स्वस्थ बानी व्यवहारहरूको आदानप्रदान, प्रचारप्रसार गर्ने, प्रगतिको अनुगमन गर्ने तथा कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिने ।

४. अन्तरदेशीय SACOSAN कार्यदलको गठन गरी सरसफाइसम्बन्धी सहस्राब्दी विकास लक्ष्य प्राप्ति गर्ने उद्देश्यले साझेदारी प्रयासहरूलाई दिगो बनाउन सूचना तथा विचारहरूको आदानप्रदानका लागि बार्षिक रूपमा यस क्षेत्रका सबै मुलुकका प्रतिनिधिहरू भेटघाट गर्ने ।

५. प्रत्येक दुई बर्षको अवधिमा मन्त्री, संस्था प्रमुख, विकासका अन्य साझेदारहरू एवम् अन्य कार्यकर्ता स्तरीय SACOSAN बैठकको आयोजना गर्ने । आयोजक राष्ट्र अन्तरदेशीय कार्यदलद्वारा आगामी दुई बर्षसम्म गरिने गतिविधिहरूको संयोजकका रूपमा रहनेछ ।

### सरसफाइ प्रवर्द्धनसम्बन्धी दक्षिण एशियाली सम्मेलनमा

# नेपालद्वारा प्रस्तुत कार्यपत्रमा उल्लिखित भावी कार्ययोजना र प्रस्तावहरू

सरसफाइप्रवर्द्धनसम्बन्धी दक्षिण एशियाली सम्मेलनमा नेपालद्वारा सरससफाइ प्रवर्द्धनका भावी रणनीति र कार्ययोजना सहितको कार्यपत्र प्रस्तुत गरिएको थियो । उक्त कार्यपत्रमा प्रस्तुत भावी कार्ययोजना र कार्यको प्रस्स्तावका मुख्य अंशहरू निम्नानुसार रहेका छन् :

**१. भावी कार्ययोजना**

**सुविधा विस्तार र लागत अनुमान**

दशौं पञ्चवर्षीय योजनाले सन् २००७ को अन्त्यसम्ममा देशका ५० प्रतिशत जनसंख्यामा सरसफाइको सुविधा पुर्‍याउने लक्ष्य राखेको छ । उक्त योजना तथा सहश्राब्दी विकास लक्ष्यमा उल्लिखित सरसफाइको लक्ष्य हासिल गर्न नेपालले सन् २०१५ सम्ममा करिव ७० प्रतिशत जनतालाई सरसफाइको सुविधा पुर्‍याउनु पर्ने हुन्छ । सन् २०१५ मा नेपालको जनसंख्या ३ करोड १५ लाख पुग्ने अनुमान गरिएको छ । उक्त लक्ष्य प्राप्तिका लागि सो जनसंख्यालाई ध्यानमा राखी आगामी १२ वर्षमा २९ लाख शौचालय निर्माण गरी तिनको उचित प्रयोग एवम् स्याहारसम्भार गर्नु आवश्यक छ । यसका लागि २ अरब ९० करोड रूपैयाँ परिचालन गर्नुपर्ने देखिन्छ । शौचालय निर्माणका लागि आवश्यक पर्ने रकमको ठूलो हिस्सा समुदायबाट उपलब्ध गराइनेछ । यसका साथै सरसफाइ प्रवर्द्धनका लागि चेतनामूलक गतिविधि सञ्चालनका लागि आवश्यक रकम तथा जनशक्ति सरकारी एवम् गैर सरकारी संघ संस्था, दातृ निकाय, स्थानीय निकाय, उपभोक्ता समिति आदिबाट परिचालन गर्नुपर्नेछ । सरसफाइ सुविधा विस्तारका लागि समुदायको सामाजिक–आर्थिक हैसियतअनुसार शौचायल निर्माण तथा प्रवर्द्धन गर्नु पर्दछ । यसका साथै जोखिममा रहेका एवम् अवसरबाट वञ्चित समूहहरूलाई विशेष ध्यान दिई सरसफाइ स्तर अभिवृद्धि गरिनेछ ।

**कार्यक्रम कार्यान्वयनका विधि/पद्धतिहरू**

व्यक्तिगत स्वच्छता एवम् सरसफाइ प्रवर्द्धनका लागि आधारभूत सरसफाइ प्याकेजमा उल्लिखित विभिन्न क्रियाकलापका साथै सहभागितामूलक साधनहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । सरसफाइ सुविधामा पहुँच बढाउन, सामुदायिक परिचालन, विद्यालयमा आधारित सरसफाइ कार्यक्रम र सरसफाइ प्रवर्द्धनको राष्ट्रिय अभियान आदि क्रियाकलापलाई सरसफाइ प्रवर्द्धनको आधार स्तम्भका रूपमा लिइएको छ । यसैगरी सरोकारवालाहरूको संयुक्त प्रयासबाट सरसफाइ प्रवर्द्धनका क्रियाकलापलाई तीव्रता दिन उनीहरूको क्षमता अभिवृद्धि, निजी–सार्वजनिक क्षेत्रको साझेदारी प्रवर्द्धन, सामुदायिक, घुम्ती कोषको व्यवस्थापन आदि पक्षमा जोड दिइएको छ ।

**२. कार्यका लागि प्रस्ताव**

समुदायमा स्वच्छता, स्वास्थ्य र सरसफाइ प्रवर्द्धन गर्ने हेतुले देशमा आगामी दिनमा तय गर्नुपर्ने कार्यको प्रस्तावलाई निम्नानुसार उल्लेख गरिएको छ :

- सामाजिक–सांस्कृतिक पक्षलाई मध्यनजर गर्दै जनचेतना अभिवृद्धिको माध्यमबाट जनजागरण, क्षमता अभिवृद्धि एवम् संस्थागत विकासका क्रियाकलाप प्रवर्द्धन गर्ने,
- खानेपानी तथा ढल निकास विभाग एवम् सरोकारवालाहरू मार्फत् स्थानीय स्तरमा क्रियाशील समुदायमा आधारित गैर सरकारी संघसंस्था, गा.वि.स. एवम् नगरपालिकाको क्षमता अभिवृद्धि गर्दै सहस्राब्दी विकास लक्ष्य हासिल गर्न उनीहरूलाई सक्षम गराउने,
- सरसफाइको प्रवर्द्धनका लागि सार्वजनिक–निजी क्षेत्रको साझेदारी एवम् वातावरणीय सरसफाइ जस्ता अवधारणाहरूलाई समावेश गर्दै मौजुदा मस्यौदा राष्ट्रिय सरसफाइ नीति–२००२ को संसोधन, स्वीकृति र कार्यान्वयन गर्ने,
- सहस्राब्दी विकास लक्ष्यमा आधातिर भई सरसफाइ प्रवर्द्धनका लागि गुरू योजनाको तर्जुमा गर्ने,
- गुरूयोजना अनुरूप बजेट व्यवस्थापनका लागि सरोकारवालाको प्रतिवद्धता जुटाउने,
- राजनीतिक क्षेत्रको प्रतिवद्धता सुनिश्चित गर्न वहस/पैरवी गर्ने,
- राष्ट्रिय एवम् समुदाय स्तरमा जनजागरणका क्रियाकलापहरू प्रवर्द्धन गर्ने,
- सरसफाइसँग सम्बन्धित ऐन, नियम तथा नियमावलीको प्रभावकारी कार्यान्वयन, सरसफाइ सुविधा नियमित गर्नका लागि एक अधिकार सम्पन्न निकायको स्थापना गर्ने,
- विभिन्न स्तरमा सञ्चालन हुने सरसफाइ कार्यक्रमको अनुगमन र मूल्याङ्कनका साथै वहुवर्षीय वार्षिक योजनातयार गर्न राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समितिलाई क्रियाशील गराउने,
- कार्यक्रमको दिगोपन, बानी व्यवहार रूपान्तरण, बालक/महिला–मैत्री सरसफाइ सुविधा आदि विविध पक्षमा क्रियात्मक अध्ययन एवम् विकासका क्रियाकलाप सञ्चालन गर्ने,
- केन्द्रीय, जिल्ला, नगरपालिका/गा.वि.स. स्तरमा सरोकारवालाहरू बीच प्रभावकारी समन्वय गर्ने,
- कार्यक्रम कार्यान्वयनमा एकरूपता कायम एवम् लैङ्गिक दृष्टिकोण आदि पक्षलाई मध्यनजर गर्दै सरोकारवालाहरूको संयुक्त प्रयासमा योजना तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्ने,
- कार्यालय, विद्यालयजस्ता सार्वजनिक स्थलहरूमा सरसफाइको सुविधा निर्माण तथा मर्मतसम्भारका लागि बाध्यात्मक व्यवस्था गर्ने ।

*प्रस्तुति : कमल अधिकारी*

*(खानेपानी तथा ढल निकास विभाग)*

# सूचनासम्बन्धी सम्मेलन तथा स्रोत केन्द्र विकास कार्यक्रम

नेदरल्याण्डको डेल्फ्टमा गत महिना आयोजित ‘छैठौं पानीसम्बन्धी सूचना’ विषयक सम्मेलन तथा ‘ज्ञान व्यवस्थापन’ विषयक कार्यशालामा नेवाका निर्देशक उमेश पाण्डे तथा सञ्चार शाखा प्रमुख रतन बुढाथोकी सहभागी हुनुभयो ।

खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापनलाई सहयोग पुर्‍याउने खालका सूचना तथा ज्ञानको आदानप्रदान गर्ने उद्देश्य लिएको उक्त सम्मेलनमा निर्देशक पाण्डेले ‘सूचना आवश्यकता : नेपालमा स्रोत केन्द्र विकास कार्यक्रममा एक अनुभव’ विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

यसैगरी ज्ञान व्यवस्थापनसम्बन्धी कार्यशालाका सहभागीहरूले १० हप्ताभित्र गरिने संस्थागत क्रियाकलापको कार्ययोजना तयार पारेका थिए । सोअनुसार नेवाले पुस्तकालय व्यवस्थापन तथा वेवसाइट डिजाइन कार्य सम्पन्न गर्ने लक्ष्य लिएको छ । International Sanitation Center (IRC), IW Learn तथा WaterWeb Consortium द्वारा संयुक्त रूपमा यी सम्मेलन तथा कार्यशालाको आयोजना गरिएको थियो ।

पानीसम्बन्धी सूचना विषयक सम्मेलनमा भएको छलफलका आधारमा नेवाले सूचना तथा ज्ञान व्यवस्थापनप्रति नेपालका खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत संस्थाहरूको रूचि तथा महत्त्वसम्बन्धी विभिन्न छलफलको आयोजना सम्पन्न गरेको छ । छलफलपछि सम्पन्न स्रोत केन्द्र नेटवर्कका नियमित बैठकहरूको निर्णय तथा समझदारीअनुसार नेटवर्कका सातवटा सदस्य संस्थाहरूममध्ये पाँचवटा संस्थाले आ–आफ्नो संस्थाको आन्तरिक तथा वाह्य क्रियाकलापहरूको १८ महिने कार्ययोजना तयार गरेका छन् । बाँकी संस्थासँग नेवाले संयोजकका हैसियतले उक्त कार्ययोजनाका लागि सम्पर्क तथा छलफलको क्रम जारी राखेको छ ।

उक्त कार्ययोजनामा आन्तरिक ज्ञान तथा सूचना व्यवस्थापनका लागि तथा समुदायसम्म प्रभावकारी सूचना प्रसार गर्न आवश्यक कार्यक्रमहरू समावेश गरिएका छन् ।

## सरसफाइसम्बन्धी बानीव्यवहारमा आएको परिवर्तनको दिगोपना सम्बन्धी अध्ययनको निचोड

# खानेपानी र चर्पीको निर्माण मात्र सरसफाइसम्बन्धी बानीव्यवहार परिवर्तन गर्न पर्याप्त हुँदैनन्

*सरस्वती खनाल (नेवा)*

"हामी मान्छे भएर गैंडाजस्तो सधैँ एकै ठाउँमा दिसा गर्दैनौं ।" "अशक्त, अपाङ्ग र बिरामीहरुले मात्र पो सधैँ एउटै ठाउँमा दिसा गर्छन्, हामीजस्ता सद्धे मानिसले किन चर्पीमा दिसा गर्ने ?" अझैपनि तराइका कतिपय समुदायहरूमा यस्ता भनाई सुनिन्छन् । यस्ता मान्यताले गर्दा मानिसहरूको चर्पी प्रयोग गर्ने बानीमा अझै पनि सोचेअनुरूप परिवर्तन आउन सकेको छैन । त्यसैले समुदायका मानिसहरूले खानेपानी र सरसफाइ आयोजनाहरूको समापनपछि पनि सिकेका सरसफाइसम्बन्धी आनीबानीलाई पछिसम्म निरन्तरता दिँदै आइरहेका छन् ? छन् भने के कस्ता बानी व्यवहारलाई निरन्तरता दिइरहेका छन् ? छैनन् भने के कस्ता बानी व्यवहारलाई किन निरन्तरता दिन सकिरहेका छैनन् ? यी कुराहरूको खोज नगरेसम्म खानेपानी र सरसफाइ कार्यक्रमको प्रभावकारिता बारे स्पष्ट हुन सकिँदैन । किनभने खानेपानी तथा सरसफाइसम्बन्धी काम गर्ने निकायहरूले समुदायका मानिसहरूको स्वास्थ्यमा सुधार ल्याउने लक्ष्य राखेका हुन्छन् । मानिसहरूको खानेपानी तथा चर्पीजस्ता भौतिक सुविधाहरूको उचित प्रयोग गर्ने बानीका साथै अन्य व्यक्तिगत, घरेलु र वातावरणीय सरसफाइ गर्ने आनीबानीमा समेत दिगो रूपमा सुधार आएमा मात्र ती लक्ष्यहरू पूरा हुन सक्छन् ।

सरसफाइसम्बन्धी आनीबानीमा आएका परिवर्तनहरूलाई छोटो समयमा झट्ट देख्न सकिँदैन । त्यस्ता बानी व्यवहारहरूको मापन गर्न त्यति सजिलो पनि हुँदैन । हामी आफ्ना नराम्रा बानी व्यवहारले आफ्नै स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउँछन् भन्ने जान्दाजान्दै पनि हत्तपत्त त्यस्ता बानी व्यवहारलाई त्याग्न सक्दैनौं 'सानै देखि लागेको बानी' भनेर छुटकारा पाउन खोज्छौं । सामाजिक चालचलन, सांस्कृतिक एवम् धार्मिक परम्परा, आर्थिक कठिनाइ आदिले गर्दा त्यस्ता आनीबानीमा सुधार ल्याउन कठिन हुन्छ । त्यसैले यस क्षेत्रमा काम गर्ने सबैले यस्ता कठिनाइहरूका बारेमा पनि जानकारी हासिल गरि सोहीअनुसार आफ्नो कार्यक्रम तथा नीतिहरूलाई परिमार्जन गर्दै लैजानुपर्दछ ।

यिनै कुराहरूलाई मध्यनजर गरि नेदरल्याण्डस्थित इन्टरन्याशनल वाटर एण्ड सेनिटेसन सेन्टर (IRC) को संयोजकत्वमा सरसफाइसम्बन्धी बानीव्यवहारमा आएको परिवर्तनको दिगोपनासम्बन्धी एक अध्ययन गरिएको थियो । उक्त अध्ययनमा एशियाका नेपाल, भारत र श्रीलंका तथा अफ्रिकाका केन्या, घाना र युगान्डा गरि जम्मा छ वटा देशहरूको प्रत्यक्ष सहभागिता रहेको थियो । त्यसैगरि आर्थिक तथा प्राविधिक सहयोग जुटाउने, अन्तर्राष्ट्रिय स्तरमा समन्वय एवम् प्रचारप्रसार गर्ने कार्यमा London School of Hygiene and Tropical Medicine का Dr. Sandy Cairncross र IRC का Kathleen Shordt र Evelion Bolt को सक्रिय सहभागिता रहेको थियो ।

### अध्ययनको उद्देश्य

स्वास्थ्य तथा सरसफाइ प्रवर्द्धनको क्षेत्रमा काम गर्ने निकायहरू बीच सक्रिय सञ्जालको विकास गर्ने, सरसफाइसम्बन्धी आनीबानीहरूमा आएका परिवर्तनलाई अनुगमन गर्न सरल र कम खर्चिलो प्रविधिहरूको विकास गर्ने, सरसफाइसम्बन्धी आनीबानीलाई निरन्तरता दिन सहयोग गर्ने र बाधा पुऱ्याउने तत्वहरू पत्ता लगाउने उद्देश्यले यो अध्ययन गरिएको थियो । यसैगरी सरसफाइका आनीबानीमा परिवर्तन ल्याउन कार्यक्रमले निर्धारण गरेका अवधारणाहरू र त्यसलाई असर पार्ने अन्य बाह्य तत्वहरूको अन्तरसम्बन्ध पत्ता लगाउने, अध्ययनबाट प्राप्त जानकारीहरू सम्बन्धित निकायहरूसम्म पुऱ्याई विद्यमान नीति तथा कार्यक्रमलाई आवश्यक सुधार गर्न सिफारिस गर्ने उद्देश्य यस अध्ययनको रहेको थियो । अध्ययनका अन्य उद्देश्यहरूमा स्वास्थ्य र सरसफाइ प्रवर्द्धन कार्यक्रमलाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ भन्नेबारे छलफल गरि सरसफाइसम्बन्धी आनीबानीमा आएको परिवर्तनलाई दिगो बनाउन मद्दत पुऱ्याउनु रहेका थिए ।

कार्यान्वयन चरणमा स्वास्थ्य र सरसफाइ प्रवर्द्धनसम्बन्धी के कस्ता क्रियाकलापहरू सञ्चालन गरिएका थिए, जनचेतना जगाउन के कस्ता विषयवस्तु, विधि तथा सामग्रीहरूलाई समावेश गरिएको थियो, कार्यक्रमको अवधि कति थियो भन्ने कुरामा आधारित भई यो अध्ययन गरिएको थियो ।

अध्ययनका क्रममा नेवाको आर्थिक तथा प्राविधिक सहयोगमा आर्थिक वर्ष सन् १९९७/९८ र १९९९/०० मा सम्पन्न भएका पहाडी र तराइका गरि जम्मा १४ वटा आयोजना क्षेत्रहरूका ५४२ घरहरूमा गई अन्तरवार्ता लिनुका साथै हात धुने तरिकाको प्रदर्शनी, अभ्यास र सरसफाइसम्बन्धी अन्य आनीबानीहरूको अवलोकन गरिएको थियो । यस क्रममा १९१ वटा घरेलु चर्पीहरूको अवलोकन गरिएको थियो । महिला तथा पुरुषहरूको दिसागर्ने बानीका बारेमा 'पकेट भोटिङ' विधिबाट र घरमा चर्पीको सुविधा भएका र नभएका महिला र पुरुषहरूको अलग-अलग समूहहरू बनाई लक्षित समूह छलफल विधिबाट तथ्याङ्क तथा जानकारीहरू संकलन गरिएको थियो ।

### अध्ययनबाट प्राप्त केही तथ्यहरू

| अध्ययन गरिएका देशहरू | चर्पी भएका घरहरूमध्ये चर्पी प्रयोग गर्नेहरू | चर्पी भएका घरहरूमध्ये मर्मतसम्भार गर्नेहरू |
|---|---|---|
| नेपाल | ८९% | ५९% |
| केन्या | ९७% | ६३% |
| श्रीलंका | ९६% | ६६% |

उल्लिखित तथ्यले चर्पीको प्रयोगको तुलनामा मर्मतसम्भार गर्ने बानी सबै देशमा कमजोर भएको र चर्पीको राम्रो मर्मतसम्भार भएका ठाउँमा त्यसको उचित प्रयोग भएको प्रस्ट पार्दछ ।

### चर्पीको प्रयोग तथा मर्मत संभार गर्ने बानी

नेवाको सहयोगमा सञ्चालित आयोजनाहरूमा गरिएको अध्ययनले तराइको तुलनामा पहाडी आयोजनाहरूमा चर्पीको उपलब्धता बढी हुने गरेको भए पनि त्यसको निरन्तर प्रयोग र उचित मर्मतसम्भार भने तराइका आयोजनाहरूमा राम्रो देखिन्छ । अनुसन्धानका क्रममा गरिएको दोस्रो सर्भेको नतिजाअनुसार तराइमा सर्भे गरिएका ११२ घरमध्ये ३३ वटा घर (२९%) मा मात्र चर्पीको सुविधा भएको पाइएको छ । तीमध्ये २८ घर (८५%) ले सधैँ चर्पी प्रयोग गर्ने गरेको र २४ घर (७३%) ले उचित तरिकाले मर्मतसम्भार पनि गर्ने गरेको पाइयो । तर पहाडी आयोजनाहरूमा सर्भे गरिएका ३८ घरहरूमध्ये ३५ (९२%) घरमा चर्पीको सुविधा भए पनि २१ घर (६०%) ले मात्र सधैँ प्रयोग गर्ने गरेका र १५ घर (४३%) ले मात्र उचित तरिकाले मर्मतसम्भार गरेका पाइयो । तराइमा चर्पीका लागि सुरुमा केही बढी आर्थिक लगानी गर्नुपरे पनि पक्की चर्पी घर, चर्पीको खाडलभित्र सिमेन्टको रिङ र सफा गर्न सजिलो हुने प्यान राखिने भएकाले त्यस्ता चर्पीहरू बढी टिकाउ हुने र त्यसको प्रयोग पनि दिगो रूपमा हुने गरेको पाइयो । पहाडमा बनाइने चर्पीहरू सुरुमा लगानी कम हुने भएकोले धेरैले बनाउन सक्छन् तर धेरै नटिक्ने हुनाले त्यसको प्रयोग गर्ने बानी पनि दिगो नहुने गरेको पाइएको छ । यसको अर्थ हो, चर्पीको डिजाइनले

पनि यसको प्रयोगमा प्रभावकारी भूमिका निर्वाह गर्दछ । त्यसैले जिम्मेवार निकायहरुले चर्पीको संख्या बढाउनेतर्फ मात्र जोड नदिई चर्पीको डिजाइन, गुणस्तर र त्यसको उचित प्रयोगमा बढी ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । चर्पीको गणना गर्दा प्रयोगमा नआएका समेतको गणना गर्ने गरिन्छ । त्यसैले चर्पी प्रवर्द्धन कार्यक्रमको प्रभावकारिताबारे सही तथ्य प्राप्त गर्न प्रयोग गरिएका चर्पीको मात्र गणना गर्नु आवश्यक छ । यसो गर्ने हो भने नेपालमा हाल दावी गरिएको चर्पीको उपलब्धता अझ कम हुनसक्छ ।

### हात धुनेसम्बन्धी ज्ञान, सीप तथा अभ्यास

अध्ययनका नतिजाहरूलाई हेर्दा मानिसहरूमा सरसफाइसम्बन्धी ज्ञान धेरै भएको देखियो तर त्यसको व्यावहारिक प्रयोग गर्ने सीप र अभ्यासको तह भने निकै कमजोर पाइयो । जसलाई निम्न तथ्यहरूले पुष्टि गर्दछन् :

| अध्ययनका लागि गरिएका सर्भेहरु | साबुन वा खरानी पानीले राम्ररी हात धुने बानी भएका | | हालको अध्ययन अनुसार | |
|---|---|---|---|---|
| | सर्भे अनुसार | आयोजना सकिने बित्तिकै गरिएको मूल्याङ्कन अनुसार | राम्ररी हात धुने बानी भएका * | साबुन वा खरानी पानीले राम्ररी हात धुनुपर्छ भन्ने ज्ञान भएका |
| पहिलो सर्भे (५ वटा समुदायमा) | २५% | ८८% | ६६% | ९५% |
| दोस्रो सर्भे (५ वटा समुदायमा) | २७% | ९७% | ६४% | ९९% |
| तेस्रो सर्भे (४ वटा समुदायमा) | १८% | ९४% | ५६% | ९९% |

** हात धुनका लागि पानीमात्र नभई साबुन वा खरानी प्रयोग गरेर, दुवै हात माडेर कुनै भाँडो वा धाराबाट पानी खन्याएर हात धुने तरिकालाई राम्ररी हात धुने अभ्यास भनिन्छ ।*

आयोजना समापनपछि हात धुनेबानीमा क्रमशः गिरावट आउँदै गएको कुरा माथिको तथ्याङ्कले स्पष्ट पार्दछ । त्यसमा पनि पछिल्ला दिनमा सम्पन्न भएका आयोजनाहरू वा तेस्रो सर्भेमा समावेश गरिएका समुदायहरूमा यो अवस्था झनै कमजोर पाइएको छ । ती सबै आयोजनाहरू तुलनात्मक रूपमा ठूला भएकाले सबै उपभोक्ताहरूमा व्यावहारिक ज्ञान तथा सीप प्रभावकारी ढङ्गले पुऱ्याउन नसकेको पाइयो । धेरैजसो उत्तरदाताहरूमा चर्पी प्रयोग गरेपछि राम्ररी साबुन वा खरानी पानीले हात धुनुपर्छ भन्ने ज्ञान भएको पाइयो । तर १० देखि २२ प्रतिशत उत्तरदाताहरू मात्र बच्चाको दिसा सफा गरेपछि पनि राम्ररी साबुन वा खरानी पानीले हात धुनुपर्छ भन्ने बारेमा जागरूक भएको पाइयो ।

### बच्चाको दिशा तह लगाउने बानी

विभिन्न तीन वटा सर्भेक्षणको नतिजाअनुसार घरमा चर्पी तथा बच्चा भएकामध्ये ३२ प्रतिशतदेखि ५२ प्रतिशत घरहरूमा मात्र बच्चाको दिसा चर्पीमा तह लगाउने गरेको पाइयो । बच्चाको दिसालाई उचित किसिमले तह लगाउने र बच्चाको दिसा चलाएपछि पनि साबुन वा खरानी पानीले हात धुनुपर्छ भन्नेबारे कमैमात्र उपभोक्ताहरू जगरूक भएको पाइयो । बच्चाको दिसालाई खतरनाक नमान्ने चलन तथा स्वास्थ्यशिक्षा कार्यक्रमले यस विषयलाई गम्भीरतापूर्वक नलिनु यसका मुख्य कारण हुन् । त्यसैले नेवाले बच्चाको दिसालाई उचित तरिकाले तह लगाउने बानीको विकासका लागि स्वास्थ्यशिक्षामा सो विषयलाई समावेश गर्न पहल सुरू गरेको छ ।

### घरमा खानेकुरा तथा पिउने पानी छोपेर राख्ने चलन

खानेकुरा र पिउने पानी छोपेर राख्ने बानीलाई पनि यस अध्ययनमा महत्त्वका साथ समावेश गरिएको थियो । सबैजसो ठाउँहरूको अध्ययनमा अन्य ठोस खानेकुराहरूभन्दा पिउने पानीलाई छोपेर राख्ने अभ्यास धेरै नै कम पाइयो । नेवाको सहयोगमा सञ्चालित आयोजनाहरूमा भएको सर्भेक्षणको तथ्याङ्कअनुसार ७० देखि ७४ प्रतिशत घरहरूमा खानेकुरा छोपेर राख्ने गरिएको र २५ देखि ३१ प्रतिशत घरहरूमा मात्र पिउने पानी छोपेर राख्ने गरेको पाइयो । आयोजना सम्पन्न हुनेबित्तिकै गरिएको मूल्याङ्कन प्रतिवेदनअनुसार सो समयमा ९० प्रतिशतभन्दा बढी घरहरूमा खाना छोप्ने गरेको देखिन्छ भने ६६ देखि ७४ प्रतिशत घरहरूमा पिउने पानी छोपेर राख्ने गरेको देखिन्छ । यस्ता बानी व्यवहारमा सुधार ल्याउन घरभेट र नियमित अनुगमन जस्ता क्रियाकलापहरूलाई बढी जोड दिन थालिएको छ ।

### कार्यक्रम सुधारका लागि अध्ययनले दिएका सुझाउहरू:

- समुदायपिच्छे भिन्न भिन्न आवश्यकता हुने भएकाले स्वास्थ्य र सरसफाइ कार्यक्रमको प्याकेज तथा आयोजना अवधि पनि सोहीअनुसार तय गर्नुपर्ने,
- अध्ययनबाट प्राप्त तथ्यहरूबारे सम्बन्धित सबै पक्षलाई जानकारी दिँदै कमजोर पक्षहरूलाई सुधार गर्दै लैजान नीति तथा प्रक्रियामा आवश्यकताअनुसार सुधार गरि कार्यान्वियन गर्नुपर्ने,
- स्वास्थ्य तथा सरसफाइसम्बन्धी जनचेतना कार्यक्रमका साथै समुदायका महिलाहरूका लागि साक्षरता कक्षा सञ्चालन गरेमा कार्यक्रम अझ बढी प्रभावकारी हुने,
- सरसफाइसम्बन्धी बानी व्यवहारलाई दिगो र प्रभावकारी बनाउन नियमित अनुगमनसहित लामो अवधिको चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- समुदायमा सांस्कृतिक, धार्मिक, राजनैतिक समूह, नागरिक समाज आदिका माध्यमबाट कार्यक्रमलाई व्यापक बनाउनुपर्ने,
- स्वास्थ्य तथा सरसफाइसम्बन्धी सन्देशहरूलाई प्रभावकारी र दिगो बनाउन स्वास्थ्य शिक्षा कार्यक्रमको डिजाइन गर्दा छोटो समयमा धेरै सन्देशहरू लिएर जानु प्रभावकारी हुँदैन । बरू त्यहाँका मानिसहरूको स्वाथ्यमा सबैभन्दा बढी खतरा पुऱ्याउने बानी व्यवहारमा परिवर्तन ल्याउन उपयुक्त हुने थोँरै तथा प्रभावकारी सन्देशहरू लिएर जानुपर्दछ ।

### उपसंहार

मानिसमा भएको ज्ञानको स्तर उसको सीप तथा व्यवहारको स्तरभन्दा सधैँ माथि हुन्छ भन्ने कुरा यस अध्ययनबाट प्रष्ट भएको छ । त्यसैले स्वास्थ्य तथा सरसफाइसम्बन्धी सन्देशका साथै सरसफाइसम्बन्धी बानीव्यवहार अवलम्बन गर्न आवश्यक सीप तथा व्यावहारिक प्रयोगलाई पनि जोड दिनु आवश्यक छ । घाना तथा भारतमा गरिएको अध्ययनमा स्वास्थ्य र सरसफाइसम्बन्धी आनीबानी परिवर्तन गर्न घरभेट कार्यक्रम सबैभन्दा प्रभावकारी रहेको पाइएको छ ।

घाना, केन्या तथा नेपालको अध्ययनअनुसार शिक्षित वा साक्षर आमा भएको परिवारमा सरसफाइसम्बन्धी बानीव्यवहारमा तुलनात्मक रूपमा बढी दिगोपना भएको पाइयो । त्यसैले स्वास्थ्य तथा सरसफाइ प्रवर्द्धन कार्यक्रमले अशिक्षित समूहहरूको सहभागितामा बढी जोड दिनुपर्छ ।

राम्रो डिजाइनको खानेपानी तथा शौचालयको निर्माण कार्यले मात्र सरसफाइसम्बन्धी बानी व्यवहारमा सुधार ल्याई त्यसलाई दिगो बनाउन पर्याप्त हुँदैन भन्ने कुराको पुष्टि भैसकेको छ । त्यसैले अर्थपूर्ण परिवर्तनका लागि प्रभावकारी जनचेतनामूलक कार्यक्रमको आवश्यकता पर्दछ । आर्थिक तथा प्राविधिक स्रोतहरू जुटेमा भौतिक संरचना निर्माण गरि मानिसहरूलाई तुरुन्तै सुविधा उपलब्ध गराउन सकिन्छ तर मानिसहरूको परम्परागत बानीव्यवहारलाई रातारात परिवर्तन गर्न सकिँदैन । स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीव्यवहारमा परिवर्तन आउन केही समय लाग्छ र यसरी आएको परिवर्तन दिगो पनि हुन्छ भन्ने कुरा यो अध्ययनबाट देखिएको छ । यसबाट स्वास्थ्य तथा सरसफाइसम्बन्धी चेनतामूलक कार्यक्रममा गरिएको लगानी उपलब्धिमूलक भएको पुष्टि हुन्छ ।

# राष्ट्रिय सरसफाइ नीति २००२ का मुख्य बुँदाहरू

*मानिसको सरसफाइसम्बन्धी आनीबानीमा सुधार ल्याई सरसफाइका सुविधालाई सर्वसुलभ बनाउनका लागि राष्ट्रिय सरसफाइ नीति १९९४ लाई परिमार्जन गरी मस्यौदा राष्ट्रिय सरसफाइ नीति २००२ तर्जुमा गरिएको छ । यस अंकमा उक्त नीतिको सारसंक्षेप प्रस्तुत गरिएको छ :*

हाम्रो देशका सयकडा ८० मानिसहरूले सरसफाइको सुविधा पाएका छैनन् । सरसफाइ र सफा खानेपानीको अभावले गर्दा पानीका कारणले लाग्ने रोगहरूले धेरै मानिसहरूलाई सताएको छ । सरसफाइको अभावले हुने बेफाइदाहरूका कारण नेपालीहरूले बर्सेनी ९ देखि १० अरब रूपैयाँ बराबरको नोक्सान खप्नु परिरहेको छ ।

जताततै फोहोर बढेकाले जमीनमुनिको पानीसमेत फोहोर भएको छ । स्वास्थ्यमा सुधार ल्याउन र केटाकेटीहरू मर्ने दर कम गर्न सफा खानेपानी र सरसफाइको सुविधा बढाउनु आवश्यक छ । सबैले सफा खानेपानी र सरसफाइको सुविधा पाउनुपर्छ भन्ने सोचाई लिएर श्री ५ को सरकारले सबैलाई घर-घरमा चर्पी बनाउन हौसला दिएको छ ।

### आउँदो २० बर्षसम्म सञ्चालन गरिने क्रियाकलापहरू

- शहर बजारमा ढल निकासको उचित व्यवस्था गरिनेछ ।
- गाउँघरमा ठाउँ सुहाउँदो चर्पी बनाई प्रयोग गर्न हौसला दिइनेछ ।

### सरसफाइ भनेको के हो ?

आफू, आफ्नो घर तथा घर वरपर सफा राख्नका लागि गरिने सम्पूर्ण कामलाई सरसफाइ भनिन्छ । यसका लागि तल लेखिएका कामहरू हुनुपर्छ –

- सफा हुने बानी व्यवहारमा सुधार ल्याउनेसम्बन्धी ज्ञान बढाउनु,
- चर्पीमा मात्र दिसापिसाब गर्नु,
- खानेकुरा तथा पानी सफा गरी राख्नु, फोहोर कुरा चलाएपछि हात धुनु,
- खानेपानीको मुहानदेखि खाने बेलासम्म पानी सफा राख्नु,
- फोहोर मैला उचित ठाउँमा फाल्नु,
- घर भित्र सफा हावा बढाउनु (धुँवा धुलो हटाउनु)
- अस्पताल तथा उद्योगधन्दाबाट निस्केका हानिकारक फोहोरमैलालाई उचित ठाउँमा थन्क्याउनु ।

सरसफाइको सुविधा पाउनु मानिसको अधिकार हो । त्यसैले श्री ५ को सरकारले सरसफाइलाई 'अत्यावश्यक सेवा' अर्थात् जनतालाई दिनैपर्ने सेवाका रूपमा लिएको छ । सरसफाइको सुविधा बढाउन तयार पारिएको राष्ट्रिय सरसफाइ नीतिले लिएका उद्देश्यहरू यस प्रकारका छन् –

- मानिसको सरसफाइसम्बन्धी आनीबानीमा सुधार ल्याउने,
- वातावरण सफा राखी फोहोर पानी र फोहोरमैलाले गर्दा लाग्ने रोगव्याधि कम गर्ने,
- पानी र माटोजस्ता प्रकृतिले दिएका कुरालाई फोहोर हुनबाट बचाउने,
- सरसफाइ र खानेपानी उपलब्ध गराउने कुरालाई साथसाथै सञ्चालन गर्ने,
- खानेपानीको सुविधा भएका तर सरसफाइको सुविधा नभएका ठाउँमा छुट्टै सरसफाइ कार्यक्रम सञ्चालन गर्ने,
- आयमूलक काम, औपचारिक र अनौपचारिक शिक्षा र सामुदायिक स्वास्थ्य तथा समुदायमा गरिने कार्यक्रममा सरफाइ कार्यक्रम पनि साथसाथै अघि बढाउने,

### सरसफाइको अवस्था अघि बढाउन लिइएका सोचहरू

- संविधानमा 'सरसफाइको सुविधा सबैको अधिकार हो' भन्ने कुरा समावेश गर्न र राजनैतिक दलहरूको कार्यक्रममा सरसफाइ-सम्बन्धी कुरालाई राख्न प्रयास गरिनेछ,
- सरसफाइको सुविधा बढाउनका लागि समुदाय, जिल्ला, क्षेत्र र राष्ट्रिय तहमा गरिनु पर्ने कार्यक्रम बनाई चाहिने खर्चका बन्दोबस्त गरिनेछ,
- खानेपानी र सरसफाइको सुविधा नपुगेका र जमीन मुनिको र खोलाको पानी फोहोर हुने घनाबस्ती भएका शहर बजारमा ढलमा भएका हानीकारक तत्वहरू छानेर मात्र मिल्काउने कामलाई प्राथमिकता दिइनेछ,
- सरसफाइको सन्देश फैलाउन सरसफाइ अभियान, सरसफाइ सप्ताहहरू मनाइनेछ,
- कुनै पनि ठाउँमा खानेपानी आयोजना निर्माण गर्नुअघि, निर्माण भइरहेको बेला र निर्माण भइसकेपछि सरसफाइसम्बधी जनचेतना बढाउने कार्यक्रम सञ्चालन गरिनेछ,
- मानिसहरूलाई फोहोर घटाउने, घरमा नै फोहोरहरूको किसिम हेरी छुट्याउने, फेरि प्रयोग गर्न सकिने खालका फोहोरहरू प्रशोधन गरी प्रयोग गर्नेसम्बन्धी तालिम दिइनेछ ।

### कार्यक्रम व्यवस्थापन (ग्रामीण क्षेत्रमा)

- सरसफाइसम्बन्धी आयोजना बनाउँदा, यससम्बन्धी काम हुँदा र आयोजना सम्पन्न भइसकेपछि त्यसको मूल्याङ्कनसम्म समुदायलाई समावेश गराइनेछ,
- समुदायका धनी तथा गरीब दुवै वर्गलाई, खासगरी सरसफाइको सुविधा नपाएकाहरूलाई कार्यक्रममा समान किसिमले सहभागी गराइनेछ,
- सरसफाइसँग सम्बन्धित निर्माण, सम्भार र सञ्चालनका काममा मानिसहरूलाई उनीहरूको सामाजिक-आर्थिक हैसियतअनुसार लगानी गराइनेछ । ज्यादै दयनीय अवस्थामा रहेकाहरूलाई विशेष ध्यान दिइनेछ,
- स्थानीय निकायका पदाधिकारी, सामुदायिक स्वास्थ्य स्वयम्सेवक, ग्रामीण स्वास्थ्यकर्ता, खानेपानी तथा सरसफाइ प्राविधिक, मर्मतसम्भार कार्यकर्ता, शिक्षक आदिलाई सरसफाइ कार्यक्रममा समावेश गराइनेछ ।

### कार्यक्रम व्यवस्थापन (शहरी क्षेत्रमा)

- समुदायका सङ्गठनहरू, निजी क्षेत्र तथा अन्य निकायहरूससँग मिलेर सबै शहरबजारमा सरसफाइ कार्यक्रमको थालनी गरिनेछ,
- सामुदायिक शौचालय, नुहाउने घर, सेफ्टी ट्याङ्क सफा गर्नेजस्ता सुविधाहरू उपलब्ध गराई ती सुविधाहरूको सञ्चालन निजी क्षेत्रले गर्नेछन्,
- बजार, अस्पताल, सिनेमा हलजस्ता मानिसहरूको बढी आवतजावत हुने ठाउँमा सरसफाइ सुविधाको व्यवस्था गरी तिनलाई सफा सुग्घर राखिनेछ,
- फोहोरमैलाबाट फेरि काम लिन सकिने खालको, जस्तै – मलखाद, मेशिन वा उद्योग चलाउने इन्धनका रूपमा परिणत गर्नुपर्ने काम वा उद्योगका लागि लाग्ने करमा सरकारले सहुलियत दिई यस काममा सार्वजनिक वा निजी क्षेत्रलाई लाग्न हौसला दिनेछ । यससम्बन्धी कानून बनाइनेछ,
- हानि गर्ने तथा अन्य फोहोरमैलालाई उचित किसिमले थन्क्याउने कामका लागि स्थानीय निकायहरूलाई सक्षम बनाइनेछ,
- शहरबजारमा ढल निकासलगायत सरसफाइका अन्य सुविधाहरूको प्रयोग गर्नेले निश्चित रकम बुझाउनु पर्नेछ ।

### रकमको बन्दोबस्त

शहरबजार तथा गाउँघरमा सरसफाइ कार्यक्रम, सरसफाइसम्बन्धी शिक्षा र चेतना बढाउने कार्यक्रम सञ्चालनका लागि रकमको बन्दोबस्त गर्न श्री ५ को सरकारले भूमिका निर्वाह गर्नेछ ।

- खानेपानीका साथसाथै सरसफाइ कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने रकम छुट्याइनेछ,
- सरसफाइ कार्यक्रमका लागि श्री ५ को सरकारका विभिन्न मन्त्रालय, नगरपालिका, दातृसंस्था आदिले रकमको व्यवस्था गर्नेछन्,

- सबै गाउँ विकास समिति र नगरपालिकाहरूलाई सरसफाइ कार्यक्रम सञ्चालन गर्न निश्चित रकम छुट्याउन हौसला दिइनेछ,
- ग्रामीण क्षेत्रमा सरसफाइ कार्यक्रम सञ्चालनका लागि श्री ५ को सरकार र दातृसंस्थाहरूले रकम जुटाउने, निर्माणसम्बन्धी काममा आवश्यक पर्ने रकम, सरसामान, जन (श्रम) र सीप समुदायले उपलब्ध गराउने र आयोजना निर्माण भएपछि सञ्चालन र मर्मत सम्भारको जिम्मा समुदायले बेहोर्नु पर्नेछ,
- मानिसहरूको आर्थिक-सामाजिक अवस्था र उनीहरू बसोबास गरेको ठाउँको वातावरण हेरी घरेलु तथा संस्थागत शौचालयहरू बनाउन अनुदान रकम दिइनेछ । सुविधा नपाएका जनताका लागि विशेष आर्थिक अनुदानको व्यवस्था गरिनेछ,
- गाउँ विकास समितिलाई संलग्न गराई सामुदायिक शौचालयहरू बनाइनेछ,
- वातावरणीय स्वच्छताका लागि शौचालय र गोबरग्यास निर्माणमा अनुदान तथा सुपथ व्याजमा ऋण दिइनेछ,
- शौचालय बनाउनका लागि सहयोगी संस्थाहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई रकम उपलब्ध गराउनेछन् । सो समितिले समुदायको निर्णयअनुसार शौचालय बनाउन मानिसहरूलाई पालैपालो उक्त रकम उपलब्ध गराउनेछन्,

**लैङ्गिक दृष्टिकोण**

हाम्रो गाउँघरमा सरसफाइसँग सम्बन्धित काममा बढीजसो महिलाहरू खट्ने भएकाले सरसफाइ कार्यक्रम बनाउँदा, कार्यक्रम लागू गर्दा र त्यसको मूल्याङ्कन गर्दासम्मका सबै काममा महिलाहरूको संलग्नतालाई जोड दिइनेछ ।

- सरसफाइसम्बन्धी सबै गतिविधिमा महिला र पुरुषलाई बराबरी रूपले अघि बढ्न हौसला दिइनेछ । यसका लागि ग्रामीण खानेपानी तथा सरसफाइ उपभोक्ता समितिमा कम्तिमा दुईजना महिला हुनुपर्नेछ । तीमध्ये एकजनालाई समितिको मुख्य पद (सभापति, सचिव वा कोषाध्यक्ष) मा राखिनेछ,
- सरसफाइ शाखामा कर्मचारी भर्ना गर्दा, सरसफाइ तालिम, जनचेतनाका गतिविधि सञ्चालन गर्दा, सरसफाइसम्बन्धी कामको ज्याला दिँदा महिला र पुरुषबीच एकैनासको व्यवहार गरिनेछ,
- महिला र पुरुषको बराबरी जिम्मेवारी झल्किने खालका सरसफाइसम्बन्धी जनचेतना जगाउने सूचना र सामग्रीहरू बनाइनेछ ।

**विद्यालय सरसफाइ**

- विद्यार्थीहरूले आफूले सिकेको कुरा घरपरिवार र समाजलाई सिकाउन सक्ने भएकाले विद्यालयमा सरसफाइ सुविधा बढाइनेछ,
- नयाँ विद्यालयका लागि स्वीकृति दिनुअघि त्यस विद्यालयमा शौचालयको उचित व्यवस्था भए नभएको हेरिनेछ । विद्यालयमा छात्र, छात्रा तथा शिक्षक शिक्षिकाहरूलाई पर्याप्त हुने गरी शौचालय बनाइनेछ । छात्राहरूका लागि अलग्गै र गोप्यता कायम रहने खालको शौचालय बनाइनेछ,

गैर सरकारी संस्था, बैंक, दातृसंस्था, जिल्ला विकास समिति, गाउँ विकास समिति तथा निजी क्षेत्रहरूसँग मिलेर सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ । निजी क्षेत्रलाई सरसफाइ कार्यक्रममा सामेल गराउन करमा सहुलियत, सहुलियतपूर्ण ऋण सुविधा जस्ता सुविधाहरू दिइनेछ ।

उस्तै खालका कामहरू दोहोरिन नदिन, कसले के काम गर्ने भन्ने कुराको टुङ्गो गर्न र योजना बनाएर मात्र विकास गर्नका लागि सरसफाइ क्षेत्रमा काम गर्ने संस्थाहरू बीच समन्वय गरिनेछ ।

सरसफाइसम्बन्धी सेवालाई 'अत्यावश्यक' वा नभइ नहुने सेवा मानी सोही अनुसारका कानूनहरू बनाई लागू गरिनेछ । यसका साथै सरसफाइलाई बल पुऱ्याउने खालका स्थानीय स्वायत्त शासन ऐन, फोहोरमैला व्यवस्थापन तथा स्रोत परिचालन ऐन, वातावरण संरक्षण ऐन र जलस्रोत ऐन प्रभावकारी रूपबाट लागू गरिनेछ ।

# हात धुने बानी बसाल्नका लागि सार्वजनिक-निजीक्षेत्रको साझेदारी आवश्यक

*कमल अधिकारी*

नेपालमा प्रत्येक महिना ६ लाख घरधुरीमा झाडापखालाका घटनाहरू हुने गर्छन् । मानिसहरूमा साबुन पानीले उचित तरिकाले हात धुने बानीको विकास गराउन सके मात्र पनि २ लाख ५० हजार घरधुरीमा यस्ता घटनामा कमी ल्याउन सकिन्छ । साबुन पानीले हात धुने क्रियाकलापसम्बन्धी देशका विभिन्न आठ वटा जिल्लामा गरिएको अध्ययनको प्रारम्भिक नतिजाका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले आयोजित 'हात धुने क्रियाकलाप प्रवर्द्धनमा सार्वजनिक-निजी क्षेत्रको साझेदारी सम्बन्धी सरोकारवालाहरूको राष्ट्रिय कार्यशाला' मा उक्त कुराको जानकारी दिइएको हो । खानेपानी तथा ढल निकास विभाग, युनिसेफ, युएसएआइडि तथा विश्व बैंको सहयोगमा आयोजित उक्त कार्यशालामा हात धुने क्रियाकलापसम्बन्धी अध्ययनका निचोडहरू प्रस्तुत गरिएका थिए । सो कार्यशालामा दिइएको जानकारीअनुसार विभिन्न जिल्लामा गरिएको अध्ययनबाट ९० प्रतिशत उत्तरदातामा हातधुने बानी रहेको तथ्य प्राप्त भयो । दिसा धोइसकेपछि हात धुनुपर्छ भन्ने चेतना भने ७० प्रतिशत उत्तरदाताहरूद्वारा मात्र पाइयो ।

सार्वजनिक-निजी क्षेत्रबीचको साझेदारी, सामाजिक परिचालन, प्रचारप्रसार एवम् जनचेतना अभिवृद्धिको माध्यमबाट दिगो र प्रभावकारी रूपले साबुन पानीले हात धुने क्रियाकलाप प्रवर्द्धन गर्न सकिने विषयमा कार्यशालामा छलफल भएको थियो । सो अवसरमा साबुन उत्पादक निजी क्षेत्र र साबुन खपत गर्ने सार्वजनिक क्षेत्रबीच माग र आपूर्तिको सञ्जाल स्थापना गर्नु पर्ने कुरामा जोड दिइएको थियो । कार्यशालामा हात धुने क्रियाकलापसम्बन्धी सार्वजनिक-निजी क्षेत्रको साझेदारीसम्बन्धी अवधारणा, यसका उपलब्धि तथा हात धुने क्रियाकलाप प्रवर्द्धनमा सरोकारवालाहरूले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा प्रकाश पारिएको थियो ।

कार्यशालाले ग्रामीण समुदायमा उचित तरिकाले हात धुने बानीको विकास नभएको हुनाले हात धुने तरिकाको जानकारी, साबुनजस्ता सुविधा जनस्तरसम्म सजिलै पुग्नु पर्ने कुरामा जोड दिएको थियो । हात धुने बानीको विकासका लागि नीति निर्माण तहको प्रतिवद्धता, सरोकारवालाहरूको संयुक्त प्रयास एवम् निजी क्षेत्रको संलग्नता अपरिहार्य भएको तथ्यमाथि पनि कार्यशालामा प्रकाश पारिएको थियो ।

**सुझाउहरू**

कार्यशालाले समुदायमा सामुदायिक परिचालनको माध्यमबाट हातधुने तरिकासम्बन्धी जनचेतना अभिवृद्धि गर्नुपर्ने सुझाउ दिएको थियो । उक्त कार्यका लागि राष्ट्रिय सरसफाइ कार्य सञ्चालन समिति मार्फत् साबुन उत्पादकहरूलाई परिचालित गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने तथा सो समितिले साबुनमा लाग्ने कर मिनाहाका लागि सरकारसँग पहल गर्नुपर्ने सुझाउ दिइयो । साथै विपन्न समुदायमा सुपथ मूल्यको साबुन उपलब्ध गराउन उपयुक्त वातावरण तयार गर्नुपर्ने पक्षमा सुझाउ दिइएको थियो ।

हात धुने क्रियाकलाप प्रवर्द्धन अभियानमा साबुन उत्पादकहरूलाई बढीभन्दा बढी परिचालन गर्नुपर्ने देखिन्छ । हात धुने अभियानलाई राष्ट्रिय सरसफाइ सप्ताह र विद्यालय सरसफाइ कार्यक्रमसँग संयुक्त रूपमा सञ्चालन गर्न सकेको खण्डमा बालबालिका एवम् जनसमुदायको बानी व्यहोरा परिवर्तन गर्न सहज हुने देखिन्छ ।

## स्वच्छताका लागि स्वच्छ प्रतिस्पर्धा

# महाराष्ट्रमा गाउँ स्वच्छता अभियान

- भरतप्रसाद भट्ट

'स्वच्छ गाउँ - समर्थ गाउँ', 'स्वच्छ गाउँ - स्वाभिमानी, निरोगी, सामर्थ्यशाली, सुन्दर र समृद्ध गाउँ', 'स्वच्छ गाउँ - काजला गाउँ' गाउँका घरहरूको भित्ता-भित्तामा यस्ता सन्देशहरू लेखिएका छन् । लेखिएअनुसारकै वातावरण गाउँमा छ । सबैतिर सफा छ । बाटाघाटाका छेउछाउमा विभिन्न बोटविरूवा र फूल रोपिएका छन् । ठाउँ-ठाउँमा फोहोर हाल्ने ढ्वाङ राखिएका छन् । घर-घरमा चर्पी छन् । महिला र पुरुषका लागि छुट्टाछुट्टै सामुदायिक चर्पी बनाइएका छन् र तिनको व्यवस्थापन पनि राम्ररी गरिएको छ ।

यो विवरण हो, भारतको महाराष्ट्र राज्यको उस्मानावाद जिल्ला अन्तर्गतको काजला गाउँको । महाराष्ट्रका विभिन्न आठवटा जिल्लामा यसरी गाउँ सफा राख्ने अभियान सञ्चालित छ । सफा गाउँहरूलाई वर्षैपिच्छे राज्य र जिल्ला स्तरबाट छुट्टाछुट्टै रूपमा पुरस्कृत गरिन्छ । सरसफाइमा पहिलो हुने गाउँलाई राज्यका तर्फबाट २५ लाख, दोस्रो हुनेलाई १५ लाख तथा तेस्रो हुनेलाई साढे १२ लाख रूपैयाँ पुरस्कार प्रदान गरिन्छ । त्यसैगरी जिल्लास्तरमा पहिलो हुने गाउँलाई ५ लाख, दोस्रो हुनेलाई ३ लाख र तेस्रो हुनेलाई २ लाख रूपैयाँ पुरस्कार प्रदान गरिन्छ । काजला गाउँले ग्राम स्वच्छताअभियानको प्रतिस्पर्धामा राज्य स्तरबाट दोस्रो भई रू. १५ लाख राशिको पुरस्कार प्राप्त गरेको छ । यसैगरी यो गाउँ जिल्ला स्तरमा पहिलो भई रू. ५ लाख राशिको पुरस्कार प्राप्त गर्न सफल भएको छ । आफ्नो गाउँलाई स्वच्छ र व्यवस्थित बनाउने कुरा यहाँका मानिसहरूको प्रतिष्ठाको विषय बन्न थालेको छ ।

### सक्रिय समुदाय

समुदायका महिला पुरुष गाउँस्वच्छ अभियान प्रतिस्पर्धामा सक्रियताका साथ लागि परेका छन् । उनीहरू बाटोघाटोको सरसफाइ गर्ने, नाला, चर्पी आदिको व्यवस्था गर्ने, बाटाको छेउछाउमा बोटबिरूवा तथा फूल लगाउने, घरटोलमा स्वास्थ्य र सरसफाइसम्बन्धी सन्देश लेख्ने आदि काम गर्दछन् । सेवाबाट अवकाशप्राप्त व्यक्तिहरू पनि स्वच्छता अभियानमा सक्रियतापूर्वक लागेका छन् । गल्ती गर्नेलाई दण्ड जरिवना नगरी सम्झाई बुझाई कार्यक्रमप्रति सकारात्मक हुन प्रोत्साहन दिने चलन छ । उनीहरू भन्छन्, "दण्ड जरिवनाले मानिसलाई कार्यक्रमबाट टाढा र नकारात्मक बनाउँछ ।"

तस्वीर : भरतप्रसाद भट्ट

'आपले गाँव' अर्थात् 'आफ्नो गाउँ' को विशेषता उल्लेख गरिएका यस्ता भित्तेलेखन काजला गाउँमा जहींतहीं देख्न सकिन्छ ।

यसैगरी स्थानीय संस्था र ग्राम पञ्चायतले पनि स्वच्छता अभियानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरेका छन् । 'स्वयम् शिक्षण प्रयोग' नामक संस्थाले समुदायका सदस्यहरूलाई अन्य सफल आयोजनाहरूको अध्ययन भ्रमण गराई नयाँ ज्ञान सीप हासिल गराउने गर्दछ । प्रत्येक ग्राम पञ्चायतमा सरसफाइ, स्वास्थ्य, शिक्षा, विकास आदि छुट्टाछुट्टै समिति गठन गरिएको छ । सबै समितिहरूको आ-आफ्नो दायित्व हुन्छ । जसमध्ये सरसफाइ समितिले समुदायको सरसफाइको अवस्थाको रेखदेख गर्ने, सल्लाह र सुझाउ दिने, बाहिरी संस्थासँग समन्वय गर्ने, रकमको व्यवस्था गर्ने, तालिम सञ्चालन गर्नेजस्ता कार्य गर्दछ ।

तस्वीर : भरतप्रसाद भट्ट

गाउँ विकासका पाँचवटा सूत्रहरू

### स्वच्छ र व्यवस्थित गाउँ

फोहोर सङ्कलनका लागि समुदायका सबै उमेरका सदस्यहरूलाई परिचालित गरिएको छ । प्रायः विद्यार्थीहरूले घर-घरबाट निस्कने प्लाष्टिकजन्य फोहोरहरू सङ्कलन गर्ने गर्दछन् । बढी फोहोर सङ्कलन गर्नेलाई पुरस्कार दिने व्यवस्था छ ।

गाउँमा कसैले पनि रक्सी, पान, गुट्खा आदि सेवन गर्दैनन् । बिहाबारीमा दाइजो दिने र फजुल खर्च गर्ने चलनमा बन्देज लगाइएको छ । गाउँ विकासका पञ्चसूत्रहरू भित्ता-भित्तामा लेखिएका छन् । समुदायमा पशु उपचार केन्द्र, स्वास्थ्य केन्द्र तथा व्यायामशाला रहेको छ । यी केन्द्रका भवनको बाहिरी भित्तामा केन्द्रबाट उपलब्ध हुने सुविधा, जनसंख्यासम्बन्धी सरकारी नीति आदि उल्लेख गरिएको छ । ठाउँ-ठाउँमा माइकहरू जडान गरिएका छन् । गाउँघरमा कुनै सन्देश दिनुपर्‍यो भने ग्राम पञ्चायतबाट यिनै माइक मार्फत खबर दिइन्छ ।

यो अभियान स्वयम् शिक्षण प्रयोग (आफूले जानकारी हासिल गरि अरूलाई जानकारी गराउँदै जाने) सिद्धान्तअनुसार सञ्चालित छ । विगत चार बर्षदेखि यहाँ स्वच्छता अभियान सुरू भएको हो । खुदाबारी ग्राम पञ्चायतबाट सुरू भएको यो अभियानको अनुसरण अरू समुदायले गरेपछि यस अभियानले व्यापकता पाएको हो । सबभन्दा पहिले प्रतिघर एकसय रूपैयाँका दरले रकम संकलन गरी गाउँमा नाला खन्ने कामबाट यो अभियान सुरू भएको थियो ।

प्रत्येक बर्षको कात्तिक १५ देखि पुष १५ सम्म ग्राम स्वच्छता अभियान सुरू भई पुषमा मूल्याङ्कन हुने गर्दछ । समुदायका सदस्यहरूले नै अभियानको अनुगमन र मूल्याङ्कन गर्ने गर्दछन् । सबै पक्षको सहभागिताले महाराष्ट्रका अन्य गाउँहरू पनि काजलाजस्तै स्वच्छ र व्यवस्थित बन्न थालेका छन् ।

**पानी र सरसफाइ अब नेवाको वेबसाइट www.newah.org.np मा पनि पढ्न सकिनेछ ।**

पानी र सरसफाइमा समावेश सामग्रीहरूका बारेमा आफ्नो प्रतिक्रिया